वर्ष २० | अंक ७९ | काठमाडौं | बुधवार, २६ मङ्सिर २०८१ | Wednesday, 11 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

लैंगिक हिंसाविरुद्ध जोन्टा क्लबको १६ दिने अभियान सम्पन्न २

स्टयाण्डर्ड चार्टर्ड बैंक नेपालको ३८औं वार्षिक साधारणसभा सम्पन्न ३

सञ्चालक पदमुक्तिसम्बन्धी कानून ४

चीनको क्वाङचाउ र सेन्जेनमा नेपालको पर्यटन प्रवर्द्धन ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्, हामी यताबाट कल गर्छौं ।

### बीआरआई फ्रेमवर्क सम्झौता सार्वजनिक

# परियोजना कार्यान्वयनका लागि लचिला प्रावधान

**विजय दमासे**

काठमाडौं

नेपाल र चीनबीच भएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्बन्धी फ्रेमवर्क सम्झौतामा पारदर्शिताको माग बढिरहेका बेला सरकारले उक्त सम्झौता नै मंगलवार सार्वजनिक गरेको छ ।

उक्त सम्झौतामा प्रधानमन्त्री केपी शर्मा ओली मङ्सिर १७ गते चारदिने चीन भ्रमणमा गएको बेला हस्ताक्षर भएको थियो, जसले बीआरआईअन्तर्गतका परियोजना नेपालमा कार्यान्वयन गर्दा अपनाउने आधारहरू तय गरेको छ ।

दक्षिण र मध्यएशियाली क्षेत्रका लागि अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले बीआरआईमा पारदर्शिता आवश्यक रहेको भनी नेपाली पत्रकारलाई अभिव्यक्ति दिएको भोलिपल्ट सरकारले उक्त सम्झौता सार्वजनिक गरेको हो ।

दुई देशबीच भएको उक्त सम्झौता कुनै अन्तरराष्ट्रिय सन्धि नभएको स्पष्ट पारिएको छ । यसो हुँदा यसले अन्तरराष्ट्रिय कानूनअनुसार कुनै अधिकार र दायित्व सृजना नगर्ने स्पष्ट पारिएको छ । संयुक्त राज्य अमेरिकासँग भएको मिलेनियम च्यालेन्ज कर्पोरेशनसम्बन्धी सम्झौता भने सन्धिअन्तर्गत पर्छ । त्यही कारण त्यसलाई प्रतिनिधिसभाले पास गर्नुपरेको हो । बीआरआई फ्रेमवर्कअन्तर्गतका परियोजना कार्यान्वयन सम्बद्ध देशको आआफ्नो राष्ट्रिय कानून, नियम र नीतिअनुसार हुने भएकाले अन्तरराष्ट्रिय कानूनअनुसार कुनै दायित्वको उल्लंघन नहुने पनि सार्वजनिक गरिएको बीआरआई फ्रेमवर्कमा उल्लेख गरिएको छ । त्यसैगरी, बीआरआई फ्रेमवर्कअन्तर्गत कार्यान्वयन हुने परियोजनाले कुनै अर्को देशसँगको सहकार्यमा कार्यान्वयन गरिने परियोजनालाई असर नगर्ने र स्वतन्त्र रूपमा अन्य देशसँग कुनै पनि मोडालिटीमा परियोजना कार्यान्वयन गर्न सकिने पनि सम्झौतामा स्पष्ट पारिएको छ ।

परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेको फ्रेमवर्कमा ऋण/अनुदान कुनै शब्द राखिएको छैन । यसको अर्थ चीन सरकारले बीआरआईअन्तर्गत रहेर नेपालमा आवश्यकताअनुसार अनुदान,



- बीआरआई फ्रेमवर्क सम्झौता कुनै अन्तरराष्ट्रिय सन्धि नभएकाले अन्तरराष्ट्रिय कानूनअनुसार कुनै अधिकार र दायित्व सृजना नगर्ने
- परियोजना कार्यान्वयनमा सम्बद्ध देशको आआफ्नो राष्ट्रिय कानून, नियम र नीति लागू हुने
- बीआरआई फ्रेमवर्क अन्तर्गत कार्यान्वयन हुने परियोजनाले कुनै अर्को देशसँगको सहकार्यमा कार्यान्वयन गरिने परियोजनालाई असर नगर्ने
- सम्झौतामा ऋण/अनुदान कुनै शब्द राखिएको छैन भने एड फाइनान्सिङ शब्द राखिएको छ
- आर्थिक सहयोग, वित्तीय क्षेत्रमा साझेदारी, यातायात, कनेक्टिभिटी तथा लजिस्टिक तथा भन्सार क्षेत्रमा सहकार्य हुने
- चिनियाँ बैंकको शाखा नेपालमा स्थापना गर्न दुवै पक्षले सहजीकरण गर्ने

सहुलियतपूर्ण ऋण दिन वा ऋण लगानी गर्न सक्नेछ र नेपालले दुवैका लागि आवश्यकताअनुसार प्रस्ताव गर्न सक्नेछ । फ्रेमवर्कमा आर्थिक समन्वय उपशीर्षकमा एड फाइनान्सिङ (सहायता) भन्ने शब्द राखिएको छ । यसमार्फत चिनियाँ पक्षले बीआरआईमार्फत नेपालको विकासमा प्राविधिक र आर्थिक सहयोग प्रदान गर्ने उल्लेख छ । यसमा दुई देशको आवश्यकताअनुरूप सहयोग गर्ने वित्तीय मोडालिटीहरू तय हुने सम्झौतामा उल्लेख छ ।

बीआरआई फ्रेमवर्क कार्यदलका विज्ञ सदस्य एवं अधिवक्ता सेमन्त दाहालले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनामा ऋण वा अनुदान लिने सर्वाधिकार नेपालसँग रहेको बताए । 'नेपालद्वारा प्रवर्द्धित परियोजनामा बहुउद्देश्यीय परियोजना बीआरआईलाई ऋण लिने वा अनुदानका रूपमा स्वीकार्ने भनेर आफ्नो अनुकूलताको आधारमा निर्णय लिन सक्ने अधिकार छ,' उनले भने, 'बीआरआईसम्बन्धी सहमति जुटाउन गठित कार्यदलको प्रस्तावअनुसार नै हस्ताक्षर गरेकाले कोही पनि डराउनुपर्ने अवस्था छैन ।' नेपालले परियोजनाको महत्त्व हेरेर निष्कर्षमा पुग्न सक्ने भएकाले अन्य देशहरूसँग समेत योजनाहरूमा सहकार्य गर्ने बाटो खुला भएको उनको भनाइ छ ।

फ्रेमवर्कको चौथो बुँदामा सहकार्यका प्राथमिकताहरू तोकिएका छन् । यसअन्तर्गत पहिलो प्राथमिकतामा आर्थिक सहयोग, दोस्रोमा वित्तीय क्षेत्र सहायता राखिएको छ । तेस्रो प्राथमिकतामा यातायात, कनेक्टिभिटी तथा लजिस्टिक क्षेत्रलाई राखिएको छ । केही वर्षयता चर्चामा रहँदै आएको हिमालय सीमापार बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्ने विषय पनि यसै बुँदामा उल्लेख छ । आर्थिक सहयोगअन्तर्गतका परियोजना कार्यान्वयन गर्न दुवै देशले प्राविधिक, वित्तीय, व्यावसायिक र आर्थिक सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गरेर प्राथमिकतामा परेका आयोजनाहरूका लागि बजेट छुट्टयाउने उल्लेख छ । त्यस्तै दुवै पक्षले अन्तरराष्ट्रिय बहुपक्षीय वित्तीय विकास संस्था वा संयन्त्रलाई कनेक्टिभिटी र विकास प्रवर्द्धन गर्न थप आर्थिक सहयोग उपलब्ध गराउन आह्वान गर्न सक्नेछ ।

वित्तीय क्षेत्रमा हुने साझेदारीअन्तर्गत चिनियाँ बैंकको शाखा नेपालमा स्थापना गर्न दुवै पक्षले सहजीकरण गर्नेछन् । नेपालले लामो समयदेखि नेपालमा चिनियाँ बैंकको शाखा खोल्न सहजीकरण गर्न बेइजिङलाई आग्रह गर्दै आएको छ । दुवै देशले व्यापार तथा लगानीमा आफ्ना राष्ट्रिय मुद्राको प्रयोगलाई पनि प्रोत्साहित गर्ने बताएका छन् । सम्झौताअनुसार चीनले पनि नेपालका संस्थागत लगानीकर्तालाई चीनको वित्तीय बजारमा लगानी गर्न सहजीकरण गर्नेछ ।

कनेक्टिभिटी बढाउन पुल र टनेल, रेलवे, हवाई यातायातको पूर्वाधार, दूरसञ्चार परियोजना, विद्युत् प्रसारण लाइन संयुक्त रूपमा बनाउन पनि दुवै पक्ष सहमत भएका छन् । दुई देशका अन्तरसरकारी निकायहरूले नेपाल चीनबीच प्रस्तावित रेलवे नेटवर्कको सम्भाव्यता अध्ययन सकिएपछि कसरी उक्त परियोजना संयुक्त रूपमा बनाउने भन्नेबारेमा काम गर्ने सम्झौतामा उल्लेख छ । त्यसैगरी, अन्तरदेशीय सडक, सुरुङमार्ग, सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माणमा पनि आपसमा सहकार्य गरिने उल्लेख छ ।

» बाँकी पृष्ठ ५ मा

# एफएनसीसीआई अध्यक्ष प्रत्यक्ष निर्वाचनबाट चयन हुने

**हिमा बि.क.**

काठमाडौं




- वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ अध्यक्ष भएपछि मात्रै प्रत्यक्ष निर्वाचनबाट अध्यक्ष चुनिने
- कार्यसमितिको कार्यकाल ३ वर्षबाट २ वर्षमा झर्ने

अर्को एक कार्यकाल छाडेर निजीक्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को अध्यक्ष चयन पुनः प्रत्यक्ष निर्वाचनबाट गरिने भएको छ । अहिले महासंघको वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान छ ।

२०७३ मा महासंघको विधान संशोधन गरेर वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्ने व्यवस्था गरिएको थियो । त्यसको ८ वर्षपछि महासंघको अध्यक्ष अब प्रत्यक्ष निर्वाचन हुने गरी विशेष साधारणसभाले विधान संशोधन पारित गरेको छ । यससँगै महासंघको शीर्ष नेतृत्व चयनमा पुरानै व्यवस्था कायम भएको हो ।

महासंघले विधान संशोधनका लागि मंगलवार डाकेको विशेष साधारणसभाबाट प्रत्यक्ष निर्वाचनबाट अध्यक्ष चयन गर्ने प्रस्ताव पारित भएको हो । विशेष साधारणसभाबाट पारित भएको प्रत्यक्ष अध्यक्ष चयन हुने व्यवस्था महासंघका वर्तमान वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ अध्यक्ष भई कार्यकाल पूरा गरेपछि मात्रै लागू हुने महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिए । यसको अर्थ २०८५ सालको चैतमा हुने महासंघको साधारणसभाबाट अध्यक्ष प्रत्यक्ष निर्वाचनमार्फत चुनिनेछन् । हालका अध्यक्ष ढकालको कार्यकाल २०८२ चैतसम्म छ । त्यसपछि थप ३ वर्ष अञ्जन श्रेष्ठ महासंघको अध्यक्ष हुनेछन् । अनि प्रत्यक्ष निर्वाचनबाट अध्यक्ष चयन हुने गरी विधान संशोधन भएको हो । 'यस्तै ३ वर्षको कार्यकाललाई २ वर्षमा झारिएको छ,' ढकालले भने । प्रत्यक्ष निर्वाचनबाटै महासंघको अध्यक्ष निर्वाचित हुनुपर्ने र त्यसका लागि विधान संशोधन हुनुपर्ने दबाब महासंघका सदस्यहरूले दिँदै आएका थिए ।

'जिल्ला नगर उपाध्यक्ष र वरिष्ठ उपाध्यक्ष २-२ जना गरिनुपर्ने प्रस्ताव भए पनि उक्त सभाले एक जना नै वरिष्ठ उपाध्यक्ष हुने निर्णय गरेको छ,' ढकालले भने । २०८० चैत २८ र २९ गते सम्पन्न महासंघको ५८औं वार्षिक साधारणसभाले महासंघको विधान संशोधनको प्रक्रिया अघि बढाउन निर्देशन दिएको थियो । त्यसअनुसार २०८१ जेठ २० गतेको स्थायी समिति र असार २४ गतेको ७औं कार्यकारिणी समिति बैठकले विधान संशोधनको मस्यौदा सर्वसम्मतिले पारित गरेको थियो ।

यस्तै कार्यकाल २ वर्षको हुने निर्णय पनि सोमवार सम्पन्न विशेष सभाले गरेको छ । २ वर्षे कार्यकालको व्यवस्था पनि वर्तमान वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठको अध्यक्ष कार्यकाल सकिएपछि लागू हुनेछ । महासंघको विधानमा महिला उपाध्यक्ष रहने व्यवस्था थपिएको छ । महिला उपाध्यक्ष कार्यकारीणी समितिले चयन गर्नेछ । तर, कार्यकारिणी समितिमा १२ जना महिला सदस्य भएमा मात्रै महिला उपाध्यक्ष चयन हुने व्यवस्था विधानमा थपिएको छ । यस्तै जिल्ला/नगरतर्फ २ जना उपाध्यक्ष रहने व्यवस्था पनि विशेष साधारणसभाले गरेको छ ।

# अनधिकृत आयातले सिजनमै स्वदेशी चिनी बिक्री गर्न समस्या

**अभियान संवाददाता**

काठमाडौं



भारतसँगको खुला सिमानाका कारण अनधिकृत रूपमा चिनी आयात हुँदा उखु क्रशिङ हुने मुख्य सिजनमै स्वदेशी चिनी विक्री गर्न समस्या भएको सम्बद्ध उद्योगीले बताएका छन् । नेपाल चिनी उद्योग संघले काठमाडौंमा मंगलवार पत्रकार सम्मेलन गरी अनधिकृत रूपमा चिनी आयात हुँदा सिजनमै स्वदेशी चिनी विक्री गर्न समस्या भएको गुनासो गरेको हो ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष शशिकान्त अग्रवालले भर्खरै मात्र उद्योगहरूले चिनी क्रशिङ शुरू गरेकाले यतिबेला बजारमा चिनीको माग राम्रै हुनुपर्ने बताए । तर, खुला सिमानाका कारण भारतबाट अनधिकृत रूपमा चिनी भित्रिएर माग घट्दा विक्री घटेको र यही अवस्था लामो समयसम्म रहिरहे स्वदेशी उद्योगहरू संकटग्रस्त अवस्थामा पुग्न सक्ने अग्रवालको दाबी छ ।

संघले उपलब्ध गराएको तथ्यांकअनुसार गतवर्ष नेपालमा २० लाख ३ हजार ८७५ मेट्रिक टन उखु क्रशिङ भई १ लाख ७८ हजार ७१७ मेट्रिक टन चिनी उत्पादन भएको थियो ।

संघका अनुसार नेपालमा चिनीको वार्षिक माग करीब २ लाख ५० हजार मेट्रिक टन छ । यस हिसाबले स्वदेशी माग धान्न वार्षिक करीब ७२ हजार मेट्रिक टन चिनी अपुग देखिन्छ, जुन भारतलगायत मुलुकबाट आयात गर्नुपर्छ । तर, भन्सार विभागको तथ्यांक हेर्ने हो भने गत आर्थिक वर्षमा ३४ हजार मेट्रिक टन मात्रै चिनी आयात भएको देखिन्छ ।

यस हिसाबले बजारमा चिनीको चरम अभावको अवस्था सृजना हुनुपर्ने देखिन्छ । तर, बाँकी अपुग भएको चिनी अनधिकृत बाटोबाट नेपाल आएको हुन सक्ने भएकाले बजारमा चिनीको अभाव नभएको संघको दाबी छ । सोही कारण स्वदेशी चिनी विक्री नभएर मौज्दात रहेको उद्योगीहरूको भनाइ छ । संघका अनुसार अवैध रूपमा भारतबाट चिनी भित्रिएपछि १३ ओटा चिनी उद्योगमा गतवर्षकै ५ हजार मेट्रिक टन चिनी मौज्दात छ । फलस्वरूप यो वर्ष उत्पादन गर्ने चिनी पनि मौज्दात रहने त्रास बढेको संघका सदस्य शिखर श्रेष्ठले बताए ।

'यदि यही अवस्था रहेमा यस वर्ष उखु किसानको रकम भुक्तानी गर्न समस्या हुन सक्छ,' श्रेष्ठले भने, 'किसानले भुक्तानी नपाउने अवस्था आउन नदिन र स्वदेशी चिनीको विक्री बढाउन सरकारले अवैध आयात रोक्नुपर्छ ।' सरकारले चिनी आयातमा ३० प्रतिशत भन्सार महशुल तोकेको छ । यसले गर्दा अवैध आयात बढेको अनुमान गरिएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकले पनि पछिल्ला वर्षमा उखु उत्पादन घट्दै गएको देखाउँछ । मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष (आव) २०७७/७८ मा ३१ लाख ८४ हजार मेट्रिक टन उखु उत्पादन भएकोमा आव २०७९/८० मा आइपुग्दा ३१ लाख ३० हजार मेट्रिक टनमा ओर्लेको छ । उखु उत्पादक किसानहरूले भने उत्पादन घट्नुको मुख्य कारण समयमा लागतअनुसारको समर्थन मूल्य नतोकिनु र भुक्तानीमा ढिलाइ हुनु भएको बताउँदै आएका छन् ।

सोही कारण किसानले उखुखेती हुने जमीनमा अन्य बाली लगाउँदै आएको सर्लाहीका उखु किसान हरिश्याम रायले बताएका छन् । संघले यस वर्ष वर्षात् राम्रो भएका कारण उखु उत्पादन राम्रो भएकाले चिनी उत्पादन बढेर करीब २ लाख २० हजार मेट्रिक टन पुग्न सक्ने अनुमान गरेको छ ।

# आय विवरण बुझाउने म्याद पुस मसान्तसम्म थप

### अदालतको आदेशभन्दा अघिल्लो दिनको निर्णय भन्दै आन्तरिक राजस्व विभागले म्याद थप्यो

**अभियान संवाददाता**

काठमाडौं

उच्च अदालत, पाटनले करदाताले आय विवरण मङ्सिर मसान्तमै बुझाउनुपर्ने बाध्यता तत्काललाई हटाएको भोलिपल्ट मंगलवार आन्तरिक राजस्व विभागले यस्तो विवरण बुझाउन सक्ने म्याद थप गरी पुस मसान्तसम्म पुऱ्याएको छ । यसअघि विभागले आय विवरण बुझाउने मिति थप नगर्ने गरी सूचना जारी गरेको थियो । उक्त निर्णयका विरुद्ध परेको रिटमा पाटन उच्च अदालतले सोमवार अन्तरकालीन अन्तरिम आदेश दिएको थियो ।

विभागले भने अदालतले फैसला गर्नुभन्दा अघिल्लो दिन (मङ्सिर २३ गते) को गरेको निर्णय भन्दै मंगलवार आय विवरण बुझाउने म्याद थप गरेको हो । 'संयोग नै यस्तै पऱ्यो कि म्याद बढाउने निर्णय अघिल्लो दिन भयो, भोलिपल्ट अदालतको आदेश आयो,' विभागका महानिर्देशक रामप्रसाद आचार्यले भने, 'हामीले आफ्नो निर्णयका आधारमा अदालतमा बहस गरेनौं, नत्र आदेश अर्कै आउँथ्यो कि ।'

विभागले भने विभिन्न व्यावसायिक छाता संगठन र करदाताबाट समेत आय विवरण पेश गर्ने म्याद पुस मसान्तसम्म कायम गरिदिन भन्दै अनुरोध आएको भन्दै उक्त अवधिसम्म म्याद थप गरिएको बताएको छ । यद्यपि म्याद नथप्ने अघिल्लो निर्णयका कारण गत सालको तुलनामा ३० हजारभन्दा बढीले कर विवरण बुझाइसकेको आचार्यले जानकारी दिए ।

आयकर ऐन, २०५८ मा हरेक व्यक्तिले आय वर्ष सकिएको ३ महीनाभित्र उक्त वर्षको आय विवरण तोकेको स्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कुनै व्यक्तिले त्यस्तो विवरण दाखिला गर्ने म्यादभित्र म्याद थप गर्न निवेदन दिएमा एकपटक वा पटकपटक गरी बढीमा ३ महीनासम्म म्याद थप हुन सक्ने प्रावधानसमेत छ ।

यसअघि विभागले वार्षिक १ करोड रुपैयाँसम्म कारोबार गर्ने एकलौटी फर्म र शून्य कारोबार भएका निकायको सम्बन्धमा आय विवरण दाखिला गर्ने म्याद थप नहुने सूचना निकालेको थियो ।

वार्षिक २० करोड रुपैयाँसम्म कारोबार भएका निकाय र अन्य करदाताको सम्बन्धमा मङ्सिर मसान्त र वार्षिक २५ करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने करदाताको हकमा २० पुससम्मको म्याद दिएको थियो । यसलाई सच्याउँदै विभागले उक्त म्याद अब पुस मसान्तसम्म पुऱ्याएको हो । पाटन उच्च अदालतले सोमवार अन्तरिम आदेश दिँदै १५ दिनभित्र दुवै पक्षलाई छलफलमा बोलाएको छ ।

नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# विद्युतीय भुक्तानीको सेवाशुल्कमा भ्याटविरुद्धको रिट खारेज

**अभियान संवाददाता**

काठमाडौं

**अन्तरबैंक फन्ड ट्रान्सफरमा प्रतिकारोबार अधिकतम १० रूपैयाँसम्म सेवा शुल्क लिन पाउने प्रावधान छ । यसमा १३ प्रतिशत भ्याट जोडिएपछि सर्वसाधारणले फन्ड ट्रान्सफरमा प्रतिकारोबार ११ रूपैयाँ ३० पैसा सेवाशुल्क तिर्नुपरेको छ ।**

सरकारले चालू आर्थिक वर्ष (आव) देखि विद्युतीय भुक्तानीको सेवाशुल्कमा लगाएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन माग गर्दै दायर भएको रिट सर्वोच्च अदालतले खारेज गरेको छ । न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुंगानाको संयुक्त इजलाशले मंगलवार रिट निवेदन खारेज गरेको हो । रिट खारेजीसँगै सरकारलाई विद्युतीय भुक्तानी तथा फन्ड ट्रान्सफर गर्दा लगाउँदै आएको भ्याटलाई निरन्तर दिने बाटो खुलेको छ ।

नेपाल राष्ट्र बैंकले विद्युतीय भुक्तानीमा सेवाशुल्क लिन नपाउने व्यवस्था गरेको छ । यस्तै अन्तरबैंक फन्ड ट्रान्सफरमा भने प्रतिकारोबार अधिकतम १० रुपैयाँसम्म सेवा शुल्क लिन पाउने प्रावधान छ । यसमा १३ प्रतिशत भ्याट जोडिएपछि सर्वसाधारणले फन्ड ट्रान्सफरमा प्रतिकारोबार ११ रुपैयाँ ३० पैसा सेवाशुल्क तिर्नुपरेको छ ।

» बाँकी पृष्ठ ५ मा

# लैंगिक हिंसाविरुद्ध जोन्टा क्लबको १६ दिने अभियान सम्पन्न

काठमाडौं (अस)। जोन्टा क्लब काठमाडौंले एनसेल फाउण्डेशन र साथी संस्थाको सहकार्यमा युवा सहभागितामा केन्द्रित यस वर्षको लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न गरेको छ।

कार्यक्रममा 'लैंगिक असमानता, जलवायु परिवर्तन र महिलामाथि हुने हिंसाका परस्पर सम्बन्धित चुनौतीको समाधान' शीर्षकमा प्रभावशाली प्यानल छलफल आयोजना गरिएको बताइएको छ। कार्यक्रममा ललितपुर महानगरपालिकाका उपमेयर मान्जली शाक्य बज्राचार्य, सशस्त्र प्रहरी बलकी सहायक प्रहरी महानिरीक्षक फूलकुमारी पौडेल, एनसेल फाउण्डेशन, साथी संस्था, युनिसेफ, युएनएफपीए, युनेस्को, आइसीआईएमओडी, सिस्टर्स अफ सेन्ट मेरीज र जोन्टा इन्टरनेशनल डिस्ट्रिक्ट २५ का प्रतिनिधि उपस्थित थिए।

जोन्टा क्लब काठमाडौंकी अध्यक्ष बिना राणाले लैंगिकतामा आधारित हिंसा, बालविवाह र जलवायु परिवर्तनको प्रतिकार्यका लागि सामूहिक कदम चाल्नुपर्ने आवश्यकता औंल्याएकी थिइन्। १६ दिने अभियानको सफलताबारे



चर्चा गर्दै उनले एनसेल फाउण्डेशन र साथी संस्थाको सहयोगमा सञ्चालित 'ओरेन्ज द स्कुल' पहलले १२ विद्यालयका १ हजार ७०० भन्दा बढी विद्यार्थीमा लैंगिकतामा आधारित हिंसा, बालविवाह र साइबर सुरक्षासम्बन्धी चेतना अभिवृद्धि गरेको जानकारी दिइन्।

जोन्टा इन्टरनेशनल डिस्ट्रिक्ट २५ (नेपाल, भारत, श्रीलंका, र बंगलादेश समेटिएको)की अध्यक्ष सोनी जोशीद्वारा सञ्चालित प्यानल छलफलमा खालिसिसीका सिईओ अमुन थापा, साथीकी सुलक्षणा राणा, आइसीआईएमओडीकी मन्दिरा श्रेष्ठ, युनेस्कोकी जूही अधिकारी र एनसेल फाउण्डेशनकी विषाखा लक्ष्मी खड्का सहभागी थिए। छलफलले लैंगिक असमानताको सामना गर्न र जलवायु परिवर्तनको प्रभावलाई कम गर्न नवीन रणनीति र कार्यान्वयन योग्य समाधान प्रस्तुत गर्न सघाएको बताइएको छ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको नरदेवीचोकमा पानी तथा ढलका नयाँ पाइप राख्न तथा मर्मतका लागि खटिएका मजदूरहरू। हप्तौंदेखि नरदेवी किलागल सडकखण्ड निर्माणकै चरणमा रहँदा सवारीसाधन तथा सर्वसाधारणलाई समस्या परेको छ।**

# स्थानीय उत्पादन बजारीकरण गर्न कोसेली घर कार्यक्रम

काठमाडौं। महानगरपालिकाले ३२ ओटै वडामा भएका स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले कोसेली घर कार्यक्रम सञ्चालन गर्ने भएको छ। 'एक वडा, एक नमूना' कार्यक्रमअन्तर्गत ३२ ओटै वडामा उत्पादन भएका फरक-फरक उत्पादनका आधारमा उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको महानगरपालिकाकी सामाजिक विकास विभाग प्रमुख समीक्षा निरौलाले जानकारी दिइन्।

प्रत्येक वडामा उत्पादन भएका सामग्रीलाई कोसेली घरमा जम्मा गर्ने र सोहीमार्फत विक्री गर्ने गरी उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको हो। यसका लागि महानगरपालिकाले चालू आर्थिक वर्षका लागि रू. पाँच लाख विनियोजना गरेको छ।

स्थानीय स्रोतसाधनलाई परिचालन गरेर उत्पादन गर्न सकिने सामग्री गुन्द्रुक, सिन्की, मकै, विभिन्न प्रकारका अचार र काष्ठकलाबाट बनेका सामग्री कोसेली घरमार्फत विक्रीका लागि राख्ने तयारी छ। यसका लागि अहिले 'कोसेली घर सञ्चालन कार्यविधि' निर्माणको चरणमा छ। *रासस*

# पर्यटकीय राजधानीमा २६औं पोखरा सडक महोत्सव हुने



पोखरा। रेष्टुरेन्ट एण्ड बार एशोसिएसन (रेबान) पोखराको आयोजनामा अंग्रेजी नयाँ वर्षको अवसर पारी २६औं पोखरा सडक महोत्सव हुने भएको छ। 'सडकमै खाउँ, सडकमै रमाउँ' नाराका साथ आगामी पुसको १३ देखि १७ गतेसम्म सडक महोत्सव हुन लागेको २६औं पोखरा सडक महोत्सवका संयोजक विकास भट्टराईले जानकारी दिए। उनका अनुसार हरेक वर्ष लेकसाइडको तीन किलोमिटर क्षेत्र (लेकसाइडको फिस्टेल गेटदेखि खहरेसम्म) लाई समेटेर सडक महोत्सव गर्न लागिएको हो।

महोत्सव पोखरामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न महत्त्वपूर्ण बन्दै गएको रेबान पोखराका अध्यक्ष विश्वराज पौडेलले उल्लेख गरे। कला संस्कृति प्रवर्द्धनसँगै स्थानीय सामग्रीलाई बजारीकरण गर्न महोत्सव उपलब्धिपूर्ण बन्दै गएको उनले बताए।

महोत्सवमा मुख्य आकर्षणका रूपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, राष्ट्रिय तथा अन्तरराष्ट्रिय खानाको प्रदर्शन, लाइभ कन्सर्ट, खेलकुदतर्फ बोट रेस, वेटर रेस, टग अफ वार, मम, ससेज खाने प्रतियोगिता रहेका सांस्कृतिक संयोजक चौबहादुर गुरुङले जानकारी दिए।

यस वर्ष लमजुङबाट कृष्ण चरित्रका साथै भोजपुरी नृत्य आदि सांस्कृतिक प्रस्तुतिका साथै छिमेकी राष्ट्र भारत र चीनका सांस्कृतिक प्रस्तुति समेत रहने उनले जानकारी दिए। *रासस*

## मुग्लिन–पोखरा सडक
# रातिको अवरोध हट्यो

तनहुँ। पृथ्वी राजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ छिर्कने देउराली सडकखण्डमा रातिको समयमा गरिएको अवरोध हटेको छ। मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत छिर्कनेमा डाँडा काट्न रातिको समयमा दैनिक साढे पाँच घण्टा सडक बन्द गरिएकामा सोमवारदेखि उक्त अवरोध हटेको हो।

गत मङ्सिर ३ देखि २३ गतेसम्म राति ११ देखि बिहान ४:३० बजेसम्म सडक बन्द गरी काम गरिएको थियो। अर्को सूचना प्राप्त नहुन्जेलसम्मका लागि बाटो खुला गरी सवारी आवागमन सञ्चालन गरिएको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)का इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिए।

'रातिको समयमा गरिँदै आएको काम हाललाई रोकिएको छ। अब उक्त खण्डमा रातिमा पनि सवारीसाधन सञ्चालनमा आउनेछन्,' उनले भने। मुग्लिन-पोखरा सडकअन्तर्गत पूर्वी खण्डमा हालसम्म ६८ प्रतिशत प्रगति भएको छ। इन्जिनियर पाण्डेका अनुसार पूर्वी खण्डअन्तर्गत १४ साना पुल निर्माण गरिएका छन्। पूर्वी खण्डमा २०७७ माघमा सम्झौता भई २०७८ वैशाखदेखि काम शुरू भएको थियो। *रासस*

# सात वर्षसम्म पुल निर्माण अधुरै

कैलाली। कैलालीको शिवगंगा नदीमा पुल निर्माण सात वर्षदेखि अधुरै छ। धनगढी उपमहानगरपालिका-१७ र वडा नं. १६ रामपुर जोड्ने उक्त पुल निर्माणका लागि सम्झौता भएको लामो समय भए पनि निर्माणले गति लिन सकेको छैन। निर्माणको जिम्मा लिएको पप्पु एड्भेन्चरको कमजोरीका कारण पुल निर्माणमा ढिलाइ भएको बताइएको छ। १४ करोड २६ लाख लागतमा तीन वर्षभित्र काम सक्ने गरी सडक डिभिजन कार्यालय महेन्द्रनगर र पप्पु एड्भेन्चरबीच २०७४ असारमा पुल निर्माणका लागि सम्झौता भएको थियो।

निर्माण कम्पनीले पुल निर्माणका लागि जग खन्ने काम मात्र गरेको धनगढी उपमहानगरपालिका-१७ का वडाध्यक्ष माधवराज रानाले बताए। खुटिया र शिवगंगा नदीमा पुल निर्माण गर्न एकैपटक शिलान्यास भएको थियो। उनले भने, 'खुटिया नदीमा पुल निर्माण भएको चार वर्ष भयो, तर शिवगंगामा काम भएको छैन।' सडक डिभिजन कार्यालयका अनुसार निर्माण कम्पनीले ३० प्रतिशत काम सकिएको भनेर कुल लागतको २२ प्रतिशत भुक्तानी लिएको छ। ठेक्का सम्झौताअनुसार सो पुलको निर्माण २०७७ असारसम्ममा सम्पन्न हुनुपर्ने हो। सडक डिभिजन कार्यालयले पटक-पटक गरी २०८२ भदौसम्म म्याद थपेको जनाएको छ। निर्माण कम्पनीले साढे दुई वर्ष थप्न माग गरेपछि पुल निर्माणका लागि समय थप गरिएको सडक डिभिजन कार्यालय महेन्द्रनगरका प्रमुख हरि सुवेदीले बताए। *रासस*


**एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.**
**(M.A.W. Hire Purchase Pvt. Ltd.)**
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

कर्पोरेट कार्यालय : त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल, फोन नं. ०१-५९७०२२८

**एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.(साविक एम.ए.डब्लू. इन्भेष्टमेन्ट प्रा.लि.) त्रिपुरेश्वर, काठमाण्डौंको तपशिलको ऋणि तथा जमानीकर्तालाई कालोसूचीमा समावेश गरि धितो सुरक्षणमा रहेको सवारी साधन/अचल जेथा लिलाम बिक्री गरिने सम्बन्धी ७ (सात) दिने गोप्य शिलवन्दी बोलपत्र आह्वानको अत्यन्त जरुरी सूचना**
**(प्रकाशित मिति २०८१/०८/२६ गते बुधबार आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस कम्पनीका तपशिलमा उल्लेखित ऋणीले ऋण कर्जा लिँदाका बखत गरेको लिखित तथा सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा तथा मौखिक तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले निज ऋणी तथा जमानतकर्ताको नाममा कर्जा रकम चुक्ता भुक्तान गर्न र गराउन क्रमश: ३५ (पैंतिस) र १५ (पन्ध्र) दिनको महोलत दिई राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणि तथा जमानीकर्ताहरुले उक्त समयमा पनि कर्जाको सावाँ, ब्याज नतिरी र नबुझाई बसेको हुदाँ ऋण कर्जा उपभोग गरे बापत यस कम्पनीको धितोमा रहेको तपशिल बमोजिमको सवारी साधन तथा अचल जेथा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा ऋणी तथा जमानतकर्ताले यस कम्पनीमा उपस्थित भई लेखाईदिएको लिखत तथा सम्झौता, कर्जा स्विकृती पत्र एंव प्रचलित कानूनले दिएको अख्तियार प्रयोग गरि गोप्य शिलवन्दी प्रक्रियाद्वारा लिलाम बिक्री गरि कम्पनीको लेना रकम असुल उपर गरि लिने भएकाले धितो लिलाम बिक्रि गर्ने सम्बन्धि यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गरी लिनु हुने इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त र बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। साथै धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्रीबाट कम्पनीको सम्पूर्ण बक्यौता रकम असुल/उपर हुन नसकेको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानीकर्ताहरुको घर-घरानाबाट असुल उपर गर्न असुली प्रक्रिया अगाडी बढाईनुका साथै कर्जा सूचना केन्द्रको कालोसुचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ। कृपया यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुले लिलाम बिक्री हुने दिन अगावै कम्पनीमा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपशिल**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : | जमानतकर्ताको नाम, थर र ठेगानाः |
|---|---|---|
| १. | **नाम : श्री चण्डिका निर्माण सेवा**<br>दर्ता नं : १५७६/२०४९/२०५०<br>दर्ता मिति : २०४९/११/०५<br>रजिष्टर्ड ठेगाना : सिलोर्वा पछ्वारी वडा नं. ७, सिराहा<br>स्थायी लेखा नं : ३०००४४२९ | **नाम : श्री शैलेन्द्र ठाकुर**<br>बाबुको नामः भोगेन्द्र ठाकुर<br>बाजेको नामः बारुदेव ठाकुर<br>ठेगाना : सिलोर्वा वडा नं. ७, सिराहा<br>ना.प्र.नं : १५३५/२२२२ जारी मिति : २०३८/०२/२९ |
| | **जमानतकर्ताको नाम, थर र ठेगानाः** | **सवारीको विवरण** |
| | **नाम : श्रीमति उर्मिला देवी ठाकुर**<br>पतिको नाम : शैलेन्द्र ठाकुर<br>ससुराको नाम : भोगेन्द्र ठाकुर<br>ठेगाना : खगडिया वडा नं. १, सिराहा<br>ना.प्र.नंः २२२८ जारी मितिः २०५९/०७/१० | **सवारी दर्ता नं : ज १ क ८१०**<br>**सवारी मोडलं.: JCB 3DX Super Backhoe Loader**<br>**च्यासिस नं.:** HAR3DXSUE02717323<br>**इन्जिन नं. :** H00206023<br>**बनेको सालः** 2018 |
| | **ऋणीको नाम, थर र ठेगाना :** | **जमानतकर्ताको नाम, थर र ठेगानाः** |
| २. | **नाम : श्री जय माँ चण्डेश्वरी कन्स्ट्रक्सन प्रा.लि**<br>दर्ता नं : १८४८८४/०७४/०७५<br>दर्ता मिति : २०७४।११।१८<br>रजिष्टर्ड ठेगाना : काभ्रे जिल्ला बनेपा न.पा-८<br>स्थायी लेखा नं : ६०६७६७३१८ | **नाम : श्री जय गोविन्द श्रेष्ठ**<br>बाबुको नाम : हरि गोपाल श्रेष्ठ<br>बाजेको नाम : कृष्ण गोपाल श्रेष्ठ<br>ठेगाना : रामेछाप जिल्ला रामेछाप गा.वि.स. वडा नं.-४<br>ना.प्र.नं :२१३०१२/१८३/२११०१२/४४०४ जारी मिति : २०६३।१०।०५ |
| | **जमानतकर्ताको नाम, थर र ठेगानाः** | **जमानतकर्ताको नाम, थर र ठेगानाः** |
| | **नाम : श्री जय गोपाल श्रेष्ठ**<br>बाबुको नाम : हरि गोपाल श्रेष्ठ<br>बाजेको नाम : कृष्ण गोपाल श्रेष्ठ<br>ठेगाना : रामेछाप जिल्ला रामेछाप वडा नं.-५<br>ना.प्र.नं : ५६७६५-२११०१२-१३०७४ जारी मिति : २०५९।०७।२४ | **नाम : श्री सुजन श्रेष्ठ**<br>बाबुको नाम : सुख देव श्रेष्ठ<br>बाजेको नाम : मित्र प्रसाद श्रेष्ठ<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा-८<br>ना.प्र.नं : ३०१०३७/१७०८३९ जारी मिति : २०६५।०४।०८ |
| | **जमानतकर्ताको नाम, थर र ठेगानाः** | **सवारीको विवरण** |
| | **नाम : श्री विज कुमार दोङ**<br>बाबुको नाम : बिष्णु बहादुर तामाङ<br>बाजेको नाम : सुब्बा सिं तामाङ<br>ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला मेच्छे गा.वि.स./उ.प.न.पा-०९<br>ना.प्र.नं : ३०-०१-०६७-३९१३ जारी मिति : २०६७।०१।०६ | **सवारी दर्ता नं : बा ३ क १७८५**<br>**सवारी मोडलं.:** JCB 3DX Super Backhoe Loader<br>**च्यासिस नं.:** HAR3DXSUL02581529<br>**इन्जिन नं. :** H00166405<br>**बनेको सालः** 2018 |
| | **धितो सुरक्षण विवरण** | |
| | श्री जय गोविन्द श्रेष्ठ को नाउँमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला कुशेश्वरदुम्जा गा.वि.स./न.पा. वडा नं.०४ मा अवस्थित कित्ता नं.७१९ को क्षेत्रफल २५४।३७ व.मि. को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत | |

१. बोलपत्र आवेदन फारम बापत रु ५००/- (अक्षरेपी पाँच सय मात्र) एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.(साविक एम.ए.डब्लू. इन्भेष्टमेन्ट प्रा.लि.) को खातामा जम्मा गरेको सक्कल भौचर पेश गरी कार्यालय समय भित्र कर्जा असुली विभाग, कानून विभागबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराम आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३. माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा खरिद गर्न बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस कम्पनीको धरौटी खातामा नगद जम्मा गरेको भौचरको प्रति बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
५. बोलपत्र बुझाउने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा र बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान समयमा लिलाम बिक्री सम्बन्धि कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
६. बोलपत्र स्विकृत भएको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सवारी साधन/अचल जेथा आफ्नो नाममा नामसारी/द.खा. गरी लिनुपर्नेछ र सोमा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ। सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ।
७. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।
८. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी बिना ब्याज धरौटी रकम फिर्ता दिईनेछ।
९. लिलाम विक्रिको प्रक्रियाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले सोहि धितो सुरक्षणमा अतिरिक्त थप धितो सुरक्षणमा लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा प्रचालित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
१०. कम्पनी समक्ष प्राप्त हुन आएका लिलामी बोलपत्रमा अधिकतम रकम कबोल गर्ने बोलपत्रदाताबाट पछि मूल्य बढाउन चाहेमा र उक्त रकम कम्पनीलाई मुनासिव लागेमा सोलाई समेत स्वीकृती प्रदान गर्न सकिनेछ।
११. बिस्तृत जानकारीका लागि कम्पनीमा सम्पर्क राख्न सक्नुहुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०९/०२ (मंगलबार)**
**बोलपत्र खोलिने मिति : २०८१/०९/०३ (बुधबार)**
**बोलपत्र खोलिने समय : साँझ ५:१५ बजे**
**स्थान : एम.ए.डब्लू. हायर पर्चेज प्रा.लि.,(साविक एम.ए.डब्लू. इन्भेष्टमेन्ट प्रा.लि.) कर्पोरेट कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं।**

***पुनश्चः यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भुक्तान गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा उपरोक्तानुसार सुचना प्रकाशित गरिने व्यहोरा सम्बद्ध पक्षलाई जानकारी गराइन्छ।***



**सौभाग्य बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**गावहाल-१६, ललितपुर, फोन नं. ०१-५५३३८५३, ५५२२६३३**

**७ दिने कर्जा चुक्ता गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना**
(प्रकाशित मिति: २०८१/०८/२६ गते)

**तपाई तपसिलमा लेखिएका यस संस्थाका शेयर सदस्यहरुले यस संस्थाबाट लिनु भएको कर्जा रकमको संस्थाको नियम अनुसारको किस्ता/व्याज, हर्जाना रकम समेत नतिर्नु नबुझाउनु भएको हुँदा तपाईहरुलाई यस संस्थाले पटक-पटक मौखिक रुपमा तथा पत्रबाट दैनिक पत्रिका राजधानीमा ३५ दिने र १५ दिने सुचना प्रकाशित गर्दा समेत कर्जा चुक्ताको लागि कर्जा एवं कर्जाको व्याज एवं अन्य नियम बमोजिमको रकम भुक्तानी गर्नमा कुनै चासो नदेखाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र संस्थामा सम्पर्क राखि रकम तिर्नु बुझउनु होला। उक्त म्याद भित्र तपाईहरुले तिर्नु बुझाउनु पर्ने रकम नतिरे नबुझाएमा तपाईहरुको सम्पत्ति लिलाम तथा बेचबिखन गरी आफ्नो लेना रकम असुल उपर गरीने व्यहोरा जानकारी गराइन्छ।**

**तपसिल**

| क्र.स. | ऋणी सदस्यको नाम, थर र ठेगाना |
|---|---|
| १. | नाम :- अर्चना मानन्धर<br>बाबु :- भुपाल दास मानन्धर<br>बाजे :- तिर्थ दास मानन्धर<br>पति :- नबिन शाक्य<br>ठेगाना :- काठमाण्डौं जिल्ला, डाडापौबा, रामकोट, वडा नं.७<br>ना.प्र.नं :- १०३९१ काठमाण्डौं |



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**तपसिलका ऋणीहरुलाई क्रेडिट कार्ड कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सुचना**
**(प्रकाशित मिति: २०८१/०८/२६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिनु भएको क्रेडिट कार्ड कर्जा लिँदा गरेको शर्त बमोजिम बुझाउनु पर्ने साँवा, व्याज समेतका रकमहरु नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा लिँदा गरेको शर्त कबुलियतको उल्लंघन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरि क्रेडिट कार्ड कर्जा फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र हर्जाना व्याज रकम एकमुष्ट बुझाउन ल्याउन सूचित गरिएको छ। सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले बैंकलाई लेखि दिएको शर्त, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्ने प्रकृया अघि बढाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

**१. ऋणीको विवरण**
राम नन्दन महतोको नाति, शम्भु प्रसाद नुनियाको छोरा, पर्सा जिल्ला, पकहाँ मैनपुर गा.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मनजय कुमार महतो (ना.प्र.प.नं. ३४-०१-७५-०६२२६, पर्सा)**

**२. ऋणीको विवरण**
आधा चौधरीको बुहारी, शेषनाथ प्रसाद चौधरीको पत्नी, पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सरिता कुमारी चौधरी (ना.प्र.प.नं. ३४-०१-७५-०१६७७, पर्सा)**

**३. ऋणीको विवरण**
श्रीफल चौधरीको नाति, आधा चौधरीको छोरा, पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **शेषनाथ प्रसाद चौधरी (ना.प्र.प.नं. १३५२२२८०, पर्सा)**

**४. ऋणीको विवरण**
रामानन्द महतो नुनियाको बुहारी, शम्भु प्रसाद नुनियाको पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर गा.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **रेन्जु देवी (ना.प्र.प.नं. ३४३०६८/३०, पर्सा)**

**५. ऋणीको विवरण**
रामगोविन्द महतो नुनियाको नाति, रामानन्द महतो नुनियाको छोरा, पर्सा जिल्ला, सवैठवा गा.वि.स/न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **शम्भु प्रसाद नुनिया (ना.प्र.प.नं.८०२३१४१५, पर्सा)**

**६. ऋणीको विवरण**
रामचन्द्र महतोको नाति, जयप्रकाश महतोको छोरा, पर्सा जिल्ला, सवैठवा गा.वि.स/न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **शैलेश कुमार (ना.प्र.प.नं. ३४-०१-७३-१०७५१, पर्सा)**

**७. ऋणीको विवरण**
राचन्द्र महतो नुनियाको बुहारी, जय प्रकाश महतोको पत्नी, पर्सा जिल्ला, सवैठवा गा.वि.स/न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रम्भा देवी (ना.प्र.प.नं. ३४३०६८/६०, पर्सा)**

**८. ऋणीको विवरण**
रामगोविन्द महतो नुनियाको नाति, रामाचन्द्र महतो नुनियाको छोरा, पर्सा जिल्ला, सवैठवा गा.वि.स/न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **जय प्रकाश महतो (ना.प्र.प.नं.८०२३१४८९, पर्सा)**

**९. ऋणीको विवरण**
रामानन्द महतो नुनियाको नाति, शम्भु प्रसाद नुनियाको छोरा, पर्सा जिल्ला, सवैठवा गा.वि.स/न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **धनन्जय कुमार महतो (ना.प्र.प.नं. ३४-०१-७१-०१९८३, पर्सा)**



काठमाडौंको कमलपोखरीमा स्टिल संरचनामा भवन निर्माण गरिँदै । *तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# पर्वतका ग्रामीण सडकमा मोटरेबल पुल निर्माण हुँदै

पर्वत । चालू आर्थिक वर्षमा जिल्लाका ग्रामीण सडकमा मोटरेबल पुल निर्माण हुने भएको छ । जिल्लाका विभिन्न क्षेत्रमा रहेका सडकलाई बाह्रैमास सञ्चालन गर्ने उद्देश्यले तीनओटा खोलामा मोटरेबल पुल निर्माण गर्न थालिएको हो । जिल्लास्थित पूर्वाधार विकास कार्यालयका अनुसार पैँयु गाउँपालिकाको सरौखोलास्थित छत्तिसेघाट, कुश्मा नगरपालिका र फलेबास नगरपालिकाको सिमानामा रहेको मल्याङ्दीखोला र परादी-गिज्यान सडकअन्तर्गत मोदीखोलामा मोटरेबल पुल निर्माण गरिने भएको हो ।

तीनओटा पुलमध्ये दक्षिण पर्वतको पैँयु गाउँपालिकामा पर्ने सरौ-बालाकोट खण्डअन्तर्गत छत्तिसेघाट मोटरेबल पुलको निर्माण तीव्र गतिमा भइरहेको कार्यालय प्रमुख सन्तोष अर्यालले बताए । करीब २५ मिटर लामो उक्त पुलको ४५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको पूर्वाधार कार्यालय पर्वतले जनाएको छ । *रासस*

# महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न संस्थाका सेवामा छूट



काठमाडौं (अस) । महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, होटल तथा रेष्टुराँ क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्न विभिन्न स्थानमा अवस्थित संस्थाहरूसँग सम्झौता गरेको छ । सम्झौतापश्चात् बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले उक्त संस्थाका विभिन्न सेवामा छूट प्राप्त गर्न सक्ने बताइएको छ ।

बैंकका ग्राहकले स्काइवाक टावर (वन्डर्स नेपाल प्रालि) कमलादी काठमाडौंसँग स्काइवाक टावर प्रवेश शुल्कमा १५ प्रतिशत र काठमाडौंको विशालनगरस्थित चेरिस ग्रुप प्रालिका खाना तथा पेय शुल्कमा १५ प्रतिशत छूट पाउने भएका छन् । त्यस्तै ललितपुरको सानेपास्थित अमैचामा कपडा खरीद गर्दा १० प्रतिशत र ललितपुरको भैंसेपाटीस्थित मलाला युनिसेक्स सैलुन प्रालिको ब्युटिसियन सेवामा १० प्रतिशत छूट मिल्ने बताइएको छ । यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकको छ । साथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैंकले विभिन्न शाखाबाट वित्तीय जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताइएको छ । बैंकले हालै ग्राहकलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको छ ।

# स्टयाण्डर्ड चार्टर्ड बैंक नेपालको ३८औं वार्षिक साधारणसभा सम्पन्न

### २५ दशमलव ५ प्रतिशत लाभांश पारित




काठमाडौं (अस) । स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको ३८औं वार्षिक साधारणसभा मंगलवार काठमाडौंमा सम्पन्न भएको छ । सभामा बैंकले गत आर्थिक वर्ष २०८०/८१ मा ४ अर्ब ७० करोड रुपैयाँ सञ्चालन मुनाफा गरेको जानकारी गराइएको छ । यस अवधिमा बैंकले करपछिको खुद नाफा ३ अर्ब ३० करोड रुपैयाँ आर्जन गरेको छ ।

साधारणसभाले बैंकका शेयरधनीलाई १९ प्रतिशत नगद लाभांश र ६ दशमलव ५ प्रतिशत बोनस शेयर गरी २५ दशमलव ५ प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित गरेको छ ।

साधारणसभामा बैंककी अध्यक्ष जरीन दारुवालाले सबै लगानीकर्ता, ग्राहक, नियामक निकाय, कर्मचारी र अन्य सरोकारवालालाई निरन्तर सहयोगका लागि आभार व्यक्त गरिन् । स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल नेपालमा एकमात्र अन्तरराष्ट्रिय बैंकको रूपमा रहेको भन्दै उनले सन् १९८७ देखि हालसम्म नेपालको आर्थिक विकासमा यस बैंकको महत्त्वपूर्ण भूमिका रहँदै आएको बताइन् ।

उनले भनिन्, 'हाम्रो दक्षतामा केन्द्रित प्रयासले बैंकिङ उद्योगमै सबैभन्दा उच्च प्रतिफल हासिल गर्न सफल भएका छौं ।' स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडमा स्टयाण्डर्ड चार्टर्ड ग्रुपको ७० दशमलव २१ प्रतिशत र सर्वसाधारणको २९ दशमलव ७९ प्रतिशत शेयर स्वामित्व रहेको छ ।

# वातावरण सरसफाइ सचेतनाका लागि 'फोहोर संकलन दौड'

चितवन (अस) । वातावरण सरसफाइमा युवालाई चेतना अभिवृद्धिका लागि फोहोर संकलन दौड आयोजना गरिने भएको छ । भरतपुर महानगरपालिकाको सहकार्यमा मैनादेवी फाउण्डेसनले मङ्सिर २९ गते भरतपुरको सडकमा सो कार्यक्रमको आयोजना गर्न लागेको हो । कार्यक्रमका व्यवस्थापक अर्जुन अधिकारीले वातावरण सरसफाइमा युवाको भूमिका बुझाउन चितवनमा पहिलोपटक दौडको आयोजना गर्न लागिएको बताए । उनका अनुसार दौडमा दुई जनाको समूह निर्माण गरी एक घण्टामा ५ किलोमिटर दूरी पार गरी सडकमा भएका फोहोर टिप्नुपर्ने बताइएको छ । उनले भने, 'जुन समूहले फोहोर धेरै टिप्छ, त्यसलाई पुरस्कार समेत व्यवस्था गरेका छौं ।'

भरतपुर महानगरपालिकाको सहकार्यमा आयोजना गर्न लागिएको फोहोर टिप्ने दौड कार्यक्रममा चितवनसहित देशका ३ हजारभन्दा बढीको सहभागिता रहनेछ । 'युवामाझ फोहोर नगरौं' भन्ने सन्देश दिन र वातावरण जोगाउँदै खेलसँग जोड्न दौडको आयोजना गरिएको उनले बताए । कार्यक्रमका संयोजक सरोज घिमिरेले प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः रू. ५०, २५ र १५ हजार प्राप्त गर्नेछन् । यस अघि दुईपटक सम्म काठमाडौंमा आयोजना गरिएको कार्यक्रम अहिले चितवनमा गर्न लागिएको उनले बताए । उनले भने, 'युवालाई सामाजिक काममा प्रेरणा दिन कार्यक्रमको आयोजना गर्न लागिएको हो ।' सरसफाइमा युवाको भूमिका महत्त्वपूर्ण हुने उनले बताए ।

# आर्थिक कूटनीतिलाई प्राथमिकता दिन परिसंघको आग्रह




काठमाडौं । नेपाल उद्योग परिसंघले विभिन्न ११ देशका लागि प्रस्तावित राजदूतहरूसँग आर्थिक कूटनीतिमा केन्द्रित रहेर छलफल गरेको छ । सोमवार साँझ भएको छलफलमा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले कूटनीतिका माध्यमबाट आर्थिक सम्बन्ध विस्तारलाई पहिलो प्राथमिकतामा राख्न प्रस्तावित नेपाली राजदूतहरूलाई आग्रह गरे ।

नेपालमा लगानीकर्तालाई पूँजी परिचालनमा अभिप्रेरित गर्न, निर्यात प्रवर्द्धन गर्न देश केन्द्रित बेग्लै आर्थिक रणनीति बनाउनुपर्ने, विदेशी लगानीकर्ताका लागि सबै नेपाली राजदूतावासमा सम्पर्क व्यक्ति तोकिनुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिए ।

नेपालको 'कन्ट्री रेटिङ' भइसकेको सन्दर्भमा लगानी भित्र्याउन त्यो सहयोगी बन्ने विश्वास व्यक्त गर्दै उनले सन् २०२६ मा मुलुक मध्यम आययुक्त विकासशील देशमा स्तरोन्नति हुने भएकाले अन्तरराष्ट्रिय क्षेत्रबाट देशले पाउँदै आएको सुविधा नघट्ने वातावरण बनाउन उनले प्रस्तावित राजदूतहरूसँग आग्रह गरे । परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृत बहादुर राईले देशको प्रतिनिधिको रूपमा राजदूतहरूले नेपाली वस्तुहरूको प्रवर्द्धन र नेपाली व्यवसायीलाई सहजीकरण गर्ने बताए । उनले नेपाली व्यावसायिक क्षेत्रलाई सम्बन्धित मुलुकका लगानीकर्तासँग सम्पर्क स्थापना र नेपाली वस्तु तथा सेवा निर्यातमा सघाउन आग्रह गरे ।

उच्च व्यापार घाटा कम गर्न, नेपाली उत्पादनको प्रवर्द्धन, पर्यटन, सूचना प्रविधि, उद्योग, जलविद्युत् पूर्वाधार विकासमा लगानी केन्द्रित गर्न आफूहरू लाग्ने प्रस्तावित राजदूतहरूले व्यक्त गरे ।

छलफलमा प्रस्तावित राजदूतहरू डा. शंकर शर्मा, सेवा लम्साल, चित्रलेखा यादव, चन्द्रकुमार घिमिरे, डा. सुम्निमा तुलाधर, डा. जंगबहादुर चौहान, प्राध्यापक कपिलमान श्रेष्ठ, प्रकाशमणि पौडेल, डा. शिवमाया तुम्बाहाम्फे, डा. पूर्णबहादुर नेपाली र डा. नेत्रप्रसाद तिम्सिना सहभागी भएका थिए । *रासस*

धितोपत्र सम्बन्धी ऐन २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७८।०४।२२मा योजना संचालन अनुमति प्राप्त

NMB एनएमबि सरल बचत फण्ड - इ
NMB SARAL BACHAT FUND-E

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित
एनएमबि सरल बचत फण्ड-इ

NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड

एनएमबि सरल बचत फण्ड - इ (खुलामुखी योजना)
NMB Saral Bachat Fund - E (Open Ended Scheme)
को

## 'थप जानकारी पत्र' वेबसाइट मार्फत प्रकाशित गरिएको सम्बन्धी सूचना

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त एनएमबि सरल बचत फण्ड - इ को आकार रु. २ अर्ब ४० करोडबाट बृद्धी गरी रु. २ अर्ब ६० करोड कायम गर्न मिति २०८१/०७/२३ गते नेपाल धितोपत्र बोर्डबाट प्राप्त स्वीकृति पत्र अनुसार एनएमबि सरल बचत फण्ड - इ को विवरण पुस्तिकामा उल्लेखित विवरणहरुमा भएका परिवर्तनहरुलाई अद्यावधिक गर्ने तथा योजनासंग सम्बन्धित थप विवरणहरु आम लगानीकर्ताहरुलाई जानकारी गराउने उद्देश्यका साथ तयार गरीएको "थप जानकारी पत्र" (Statement of Additional Information) योजना व्यवस्थापक तथा डिपोजिटरी एनएमबि क्यापिटल लिमिटेड को वेबसाइट www.nmbcl.com.np मार्फत प्रकाशित गरिएको हुँदा सो सम्बन्धी जानकारी लिन सकिने व्यहोरा सम्पूर्ण लगानीकर्ताहरु तथा इकाईधनीहरुलाई यसै सूचना मार्फत अवगत गराउँदछौं ।

**योजनासँग सम्बन्धित थप विवरण**

| | | |
|---|---|---|
| १. | योजनाको नाम | NMB Saral Bachat Fund - E (एनएमबि सरल बचत फण्ड - इ) |
| २. | योजनाको प्रकार | खुलामुखी (Open-End) |
| ३. | कोष प्रवर्द्धक | एनएमबि बैंक लिमिटेड |
| ४. | योजना व्यवस्थापक | एनएमबि क्यापिटल लिमिटेड |
| ५. | योजनाको स्वीकृत आकार | २,६०,००,००,०००/-(रु दुई अर्ब साठी करोड मात्र) |
| ६. | योजनाको प्रारम्भिक आकार | ५५,००,००,०००/-( रु पचपन्न करोड मात्र) |
| ७. | **बीज पूँजी**<br>क. कोष प्रवर्द्धकको तर्फबाट<br>ख. योजना व्यवस्थापकको तर्फबाट | रु २७,९९,९९,९९६।३१/- (सत्ताइस करोड उनान्सय लाख उनान्सय हजार नौ सय छ्यानब्बे रुपैया एकतिस पैसा मात्र)<br>रु ११,००,००,०१६।१४/- (एघार करोड सोह्र रुपैया चौध पैसा मात्र) |
| ८. | अधिकतम लगानी सीमा<br>क. अधिकतम लगानी रकम<br>ख. लगानी गर्न सक्ने अधिकतम ईकाइ | कुनै एक ईकाइधनीले कारोबार दिन/सत्रमा यस योजनाको ईकाइ खरिद गर्दा अधिकतम लगानी सीमा रु. २०,००,०००।- (अक्षरुपी बीस लाख मात्र ।) रहेने छ । उक्त रकमले कारोबार गर्दा लागु हुने सबै शूल्कहरु समावेश गरिएको रकमलाई बुझाउँछ । यद्यपी सो अधिकतम सीमा Systematic Withdrawal Plan (SWP) र Dividend Reinvestment Plan (DRIP) मार्फत गरीएको लगानीमा लागु हुने छैन । ( मिति २०८१ पौष १ गते देखि लागु हुने )<br>कुनै एक ईकाइधनीले लगानी गर्न सक्ने अधिकतम ईकाइ, योजनाको अघिल्लो दिनमा कायम रहेको कूल ईकाइको ०.५% हुनेछ । यद्यपी अतिरिक्त लगानी बिना कुनै ईकाइधनीको ईकाइ स्वामित्व उल्लेखित सीमा भन्दा बढीहुन गएमा माथि उल्लेखित सीमा सो ईकाइधनीलाई लागु हुने छैन । साथै, माथि उल्लेखित सीमा बीज पूँजी लगानीकर्ताहरुमा लागु हुने छैन । ( मिति २०८१ पौष १ गते देखि लागु हुने ) |
| ९. | कोष प्रवर्द्धकको रेटिङ्ग | रेटिङ्ग कम्पनी : इक्रा नेपाल लिमिटेड<br>रेटिङ्ग : [ICRANP-IR] A-<br>रेटिङ्ग संकेत : [ICRANP-IR] A- ले adequate degree of safety regarding the timely servicing of financial obligations जनाउँदछ । |
| १०. | योजना व्यवस्थापकको रेटिङ्ग | रेटिङ्ग कम्पनी : इक्रा नेपाल लिमिटेड<br>रेटिङ्ग : [ICRANP] AMC Quality 2<br>रेटिङ्ग संकेत : AMC Quality 2 ले high assurance on management quality जनाउँदछ । |
| ११. | निरन्तर निष्काशन (Continuous Offering) | मिति २०७८/०९/०५ गते सोमबार देखि एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार ४, काठमाडौं मार्फत योजनाको इकाईहरु खरिद/बिक्री भइरहेको ।<br>कारोबार हुने समय : आइतबार देखि बिहीबारसम्म : बिहान ११:०० बजे देखि दिउँसो ३:०० सम्म; शुक्रबार, शनिबार तथा अन्य सार्वजनिक बिदाको दिन कारोबार बन्द रहने<br>साथै, योजनाको इकाईहरुको खरिद/बिक्री तथा अन्य सेवाहरु उपयोग स्वचालित विद्युतीय कारोबार (अनलाईन) प्रणाली (https://mutualfund.nmbcl.com.np:8445) मार्फत भइरहेको ।<br>साथै, सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा १६ बमोजिम Systematic Investment Plan (SIP) लगायत अन्य सेवाहरु प्राप्त गर्न सकिने गरी एनएमबि बैंकलाई वितरकको रुपमा नियुक्त गरीएको । |
| १२. | योजनाको इकाईहरुको खरीद बिक्री गर्दा लाग्ने शुल्क | लगानीकर्ताले इकाई खरीद गर्दा लाग्ने शुल्क : नि : शुल्क<br>लगानीकर्ताले इकाई बिक्री गर्दा लाग्ने शुल्क (वर्हिगमन शुल्क) (Exit Fee) :<br>खरीद गरेको ६ महिनाभित्र बिक्री गरेमा १.५ प्रतिशत<br>खरीद गरेको ६ महिनादेखि १२ महिनाभित्र बिक्री गरेमा १.२५ प्रतिशत<br>खरीद गरेको १२ महिनादेखि १८ महिनाभित्र बिक्री गरेमा १.०० प्रतिशत<br>खरीद गरेको १८ महिनादेखि २४ महिनाभित्र बिक्री गरेमा ०.७५ प्रतिशत<br>तत्पश्चात कुनै शुल्क नलाग्ने ।<br>तर Systematic Investment Plan (SIP) अर्न्तगत खरिद गरिएको इकाई बिक्री गर्दा वर्हिगमन शुल्क (Exit Fee) नलाग्ने |
| १३. | योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना | आ.व. २०८१/८२ को लागि हाल नियुक्त हुन बाँकी रहेको । आ.व. २०८०/८१ मा जोशी एण्ड भण्डारी चार्टर्ड एकाउन्टेन्ट्स, डिल्लीबजार रोड, काठमाडौं नियुक्त भएको । |

**२०८१ कार्तिक मसान्तमा कायम इकाईधनीहरुको विवरण:**

| विवरण | संख्या |
|---|---|
| बीज पूँजी लगानी गर्ने इकाईधनीहरु | २ |
| योजनामा लगानी गर्ने अन्य इकाईधनीहरु | १,३०,१०२ |
| योजनामा लगानी गर्ने जम्मा इकाईधनीहरु | १,३०,१०४ |
| व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाईधनीहरु | ४०,७०० |
| कार्तिक महिनामा व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाईधनीहरुको औषत SIP लगानी रकम (रु.) | ३,२७२ |
| लाभांश पुनः लगानी योजना (DRIP) मा आबद्ध इकाईधनीहरु | ४१,२७२ |
| व्यवस्थित लगानी फिर्ता योजना (SWP) मा आबद्ध इकाईधनीहरु | - |

योजना व्यवस्थापक

NMB CAPITAL एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०, ९८६३३३५१२९
E-mail: info.nmbsbfe@nmbcl.com.np, info@nmbcl.com.np
Url:www.nmbcl.com.np, https://mutualfund.nmbcl.com.np:8445

## नबिल बैंक लिमिटेड, ईटहरी पश्चिमलाइन शाखा, सुनसरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०९)**
**(दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/२६)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०४/०२ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरी मिति **२०८१/०८/०९ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका**मा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्युनतम गोप्य शिलवन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रहरुलाई यथावत राखि दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलवन्दी बोलपत्रमा समाबेश गरिनेछ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **ईटहरी पश्चिमलाइन शाखा, सुनसरी** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/११/०८ मा दर्ता नं. २०९०३०/०७५/०७६ अन्तर्गत दर्ता भएको **त्रिवेणी रिभर साईड रिसोर्ट प्रा. लि. ।**
ठेगानाः मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ४, बडहरा, मोरङ ।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरु**

१. काशी नाथ आचार्यको नाति, छवि लाल आचार्यको छोरा मोरङ जिल्ला महादेवा गाउँ पञ्चायत वडा नं. ३ स्थायी घर भई, हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ४ बस्ने ना.प्र.नं. ११६४१/१९ (जारी मितिः २०४५/०९/१३, स्थान मोरङ) भएका **रमेश आचार्य ।**
२. दान बहादुर रायको छोरी, छवि लाल आचार्यको बुहारी, रमेश आचार्यको श्रीमती झापा जिल्ला खजुरगाछी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ४ बस्ने ना.प्र.नं.५६९/४२३१२१८८ (जारी मितिः २०४४/११/२०, स्थान झापा) भएकी **उमा देवी राय ।**
३. छवि लाल आचार्यको नातिनी, रमेश आचार्यको छोरी, मोरङ जिल्ला सुन्दर दुलारी न.पा. वडा नं. ११ स्थायी घर भई हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ४ बस्ने ना.प्र.नं.०५-०१-७३-००३९६ (जारी मितिः २०७३/०१/१५, स्थान मोरङ) भएकी **सबिना आचार्य ।**

**धितोको विवरण**

१. **त्रिवेणी रिभर साईड रिसोर्ट प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स., वडा नं. ०८ सिट नं ८घ मा अवस्थित कि.नं. क्रमशः ३६, ३७, ३८, ४०, ४१, ४२, ४३, ४४, ४५, ४६, ४७, ८९, ९० र ९२ क्षेत्रफल क्रमशः ०-३-५-०, १-१०-०-०, ०-३-११-०, १-०-१०-०, ०-४-१७.५-०, ०-७-६-०, ०-१३-५-०, ०-७-१०-०, ०-१०-१५-०, ०-१८-१५-०, ०-८-०-०, ०-९-२-०, ०-१३-१८-० र १-७-४-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. मोरङ जिल्ला महादेवा गाउँ पञ्चायत वडा नं. ३ स्थायी घर भई, हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ४ बस्ने **रमेश आचार्य**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं ८ सिट नं ८ग मा अवस्थित कि.नं. ३७६ क्षेत्रफल ०-९-०-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. झापा जिल्ला खजुरगाछी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल मोरङ जिल्ला सुन्दरहरैंचा न.पा. वडा नं. ४ बस्न **उमा देवी राय**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं ८ सिट नं ८ग मा अवस्थित कि.नं. १२४० र १२३९ क्षेत्रफल ०-९-४ १/२ र ०-३-१२ १/४ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । .

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **ईटहरी पश्चिमलाइन शाखा, सुनसरी**मा कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात मिति २०८१/०९/०३ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **ईटहरी पश्चिमलाइन शाखा, सुनसरी**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०४ गते ३:०० बजे बैंकको **ईटहरी पश्चिमलाइन शाखा, सुनसरी**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदाभएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्रीगरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार** वा **ईटहरी पश्चिमलाइन शाखा, सुनसरी**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

राम्रो विज्ञापनले केवल जानकारी फैलाउँदैन । यसले त सर्वसाधारणको मनमा इच्छा र विश्वास पैदा गर्छ ।
**- लियो बर्नेट**

सम्पादकीय

# प्रतिगामी करलाई मलजल

**नेपालमा पछिल्लो १ दशकमा सरकारले उठाउने राजस्वमा प्रत्यक्ष करको योगदान बढेको छ तर त्यो निकै न्यून मात्रामा बढेको छ जुन चिन्ताको विषय हो । सरकारले प्रत्यक्ष करको अंश बढाउने लक्ष्य लिए पनि त्यसअनुसार वृद्धि हुन सकेको छैन । सबैलाई समान किसिमले लाग्ने भएकाले अप्रत्यक्ष करलाई प्रतिगामी कर मानिन्छ र नेपालको करनीति प्रतिगामी हो भन्ने यसले देखाउँछ ।**

**गत आर्थिक वर्ष (आव) २०८०/८१ मा राजस्वमा प्रत्यक्ष करको अंश ३० प्रतिशत रहेको अर्थ मन्त्रालयले बताएको छ । आव २०७१/७२ मा यसको अंश २८ दशमलव ४ प्रतिशत थियो । यो वृद्धि भनेको ज्यादै कम हो । छिमेकी मुलुक भारत सरकारको राजस्वमा प्रत्यक्ष कर (आयकर र सम्पत्तिमा लाग्ने कर) को अंश ५७ प्रतिशत पुगेको डेढ महीनाअघि घोषणा गऱ्यो । अघिल्लो वर्ष यो ५४ दशमलव ६३ प्रतिशत थियो । यसको दाँजोमा नेपालको प्रगति निकै कमजोर हो ।**

**प्रत्यक्ष कर भनेको आय र सम्पत्तिमा लाग्ने कर हो । त्यसैको यो आयको स्तरअनुसार फरकफरक हुन्छ । कम आय गर्नेले कम कर तिर्छ भने बढी आय गर्नेले बढी तिर्छ । त्यसैले राजस्वमा प्रत्यक्ष करको अंश बढ्नुपर्छ । अप्रत्यक्ष कर भने भन्सार शुल्क, भ्याट आदिबाट उठ्ने कर हो । यो उपभोग्यवस्तुमा लाग्ने कर हो । यस्तो कर सबैलाई समान रूपमा लाग्छ । एउटा चाउचाउ किन्दा साँझबिहान हातमुख जोर्न धौधौ पर्ने विपन्नलाई उति नै कर लाग्छ, अर्बपतिले किन्दा पनि उति नै कर लाग्छ । समान आय र सम्पत्ति भएको समाजमा लगाइएको समान करले गरीबलाई भार र धनीलाई सुविधा दिइरहेको हुन्छ । यसले गरीबलाई जीवन चलाउन थप कठिन बनाउँछ । कर निर्धारणमा व्यक्तिका फरकफरक आर्थिक क्षमता नहेर्ने चरित्रकै कारण यसलाई अप्रगतिशील मानिन्छ । सामाजिक न्याय स्थापना र आर्थिक असमानता कम गर्न प्रत्यक्ष कर अर्थात् क्षमताका आधारमा कर तिर्ने प्रणाली बलियो बनाउनुपर्ने मान्यता छ । कर प्रणालीलाई आय र सम्पत्तिको असमानता घटाउने र सामाजिक न्यायलाई सुदृढ पार्ने उद्देश्यमा उपयोग गरिनुपर्छ । तर, वस्तु र सेवाको उपभोगमा धनी–गरीब सबैले तिर्नुपर्ने भ्याट अहिले समान १३ प्रतिशत छ ।**

**कर अधिकृतहरूले एउटै प्रकृतिका करमा फरकफरक निर्णय दिने र पछि त्यसलाई आफैले काट्ने गरेको पनि पाइन्छ । यस्ता विकृति नरोकेसम्म अर्थतन्त्र जति नै विस्तार भए पनि प्रत्यक्ष कर बढ्न सक्दैन ।**

**तर, सरकारले प्रत्यक्ष कर बढाउन सकेको छैन । आर्थिक गतिविधि नबढेका कारण प्रत्यक्ष कर नबढेको भन्ने सरकारी अधिकारीको भनाइ पाइन्छ जुन भ्रामक हो । आर्थिक गतिविधि बढेकै कारण अप्रत्यक्ष कर पनि बढेको हो । खासमा प्रत्यक्ष कर तिर्न ज्यादै झन्झट छ । यस्तो झन्झटकै कारण जनता कर तिर्न जान सकेका छैनन् । कर तिरेर स्वच्छ भएर बस्न नागरिकलाई चाहना नहुने होइन तर कर्मचारीले अनेक दुःख दिने र विभिन्न बहानामा तर्साउने हुँदा कर कार्यालय जानै नपरोस् भन्ने सोच सर्वसाधारणमा पलाएको पाइन्छ । करमा दर्ता भएका ठूलो संख्यामा करदाताले कर विवरण फाइल गर्न छाड्नुको एउटा कारण यो पनि हुनसक्छ । करमा रहेको अन्योल र झन्झट हटाउने हो प्रत्यक्ष कर तिर्नेको संख्या बढ्दै जान्छ ।**

**अर्को, करको दरमा पनि ध्यान जानुपर्छ । करको दर घटाएर दायरा कम गर्न सकियो भने प्रत्यक्ष कर बढ्छ । यसरी राजस्वमा प्रत्यक्ष करको अंश बढाउन सकिन्छ । मुलुकमा अनौपचारिक अर्थतन्त्र हाबी भएका कारण पनि प्रत्यक्ष करको मात्रा बढ्न नसकेको हो । त्यसैले औपचारिक अर्थतन्त्रको विस्तारका लागि सरकारले नीति, कानून र कार्यान्वयनमा देखिएका कमजोरीलाई सच्याउनु पर्छ । कर अधिकृतहरूले एउटै प्रकृतिका करमा फरकफरक निर्णय दिने र पछि त्यसलाई आफैले काट्ने गरेको पनि पाइन्छ । यस्ता विकृति नरोकेसम्म अर्थतन्त्र जति नै विस्तार भए पनि प्रत्यक्ष कर बढ्न सक्दैन । प्रतिगामी कर जनता र अर्थतन्त्र दुवैका लागि उपयुक्त छैन भन्ने बुझेर त्यसैअनुसार नीति बनाउनु आवश्यक छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## अब महिला रोजगारीको समय

देशभित्र रोजगारीको अभावका कारण विदेश जाने र मुलुकमा सञ्चालित उद्योग कलकारखानामा कामदार अभावले उत्पादनमा नकारात्मक असर परेको समाचार सँगसँगै आउन थालेका छन् । यो विरोधाभासपूर्ण अवस्था सृजना हुनुको कारणबारे सोच्न र त्यसको निराकरण गर्न अब ढिलाइ गर्नु हुन्न । सीधा अर्थमा बुझ्ने हो भने नेपालमा काम गरेर पाइने ज्यालाभन्दा विदेशमा हुने आम्दानी बढी हुन्छ । त्यसकारण पनि स्वदेशमा काम नगरी बलिया पाखुरीहरू विदेश पलायन भएका हुन् । यसबारे भने आफ्नो उद्योगमा कामदार अभावका कारण उत्पादनमा असर पऱ्यो भनी कराउने उद्योगीहरू मौन छन् । उनीहरूले अब के बुझ्नुपर्छ भने यो प्रतिस्पर्धाको युग हो, त्यसकारण उत्पादन प्रतिस्पर्धी ढङ्गमा गर्नुपर्छ र कामदारलाई सेवासुविधा पनि सोहीअनुरूप व्यवस्था गर्न सक्नुपर्छ । बजारको प्रतिस्पर्धामा टिक्न स्तरचेतका साथै उत्पादनको परिमाण पनि ठूलै हुनुपर्छ । त्यसका निम्ति उद्योगहरूलाई यान्त्रीकरण गर्नेतिर पनि लाग्नुपर्छ । यसो गर्न सकेमा क्रमशः मजदूर अभावको समस्या कम हुँदै जानेछ र प्रतिस्पर्धात्मक क्षमता पनि अभिवृद्धि हुँदै जानेछ ।

उद्योग कारखानामा काम गर्ने मजदूर पाउनै समस्या भएपछि दक्ष, अदक्ष वा अर्धदक्ष कामदार भनी विशिष्टीकरण गर्ने स्थिति बन्न सक्दैन । कामदारकै अभाव खट्किँदा उद्योगहरूले आफूलाई उपयुक्त मजदुर छनोट गर्ने अवसर पनि पाएका छैनन् । त्यसकारण उत्पादन प्रभावित भएको छ ।

**(सम्पादकीयबाट)**
**वर्ष ८, अंक ७६, मंगलवार १९ मङ्सिर, २०६९**

# सञ्चालक पदमुक्तिसम्बन्धी कानून

## सञ्चालक समितिले सञ्चालक हटाउन सक्छ ?

कुनै पनि कम्पनीमा नियुक्त भएका सञ्चालक कार्यकाल पूरा नहुँदै बीचमै पदमुक्त हुनसक्छन् । कम्पनी ऐन, २०६३ ले सञ्चालकको योग्यता र अयोग्यता दुवै तोकेको छ । ऐनले तोकेको योग्यता पुगेर सञ्चालक बनेका व्यक्ति कार्यकाल नसकिँदै अयोग्य भएमा पदमुक्त हुन्छन् । योग्य सञ्चालक पनि प्राकृतिक र स्वैच्छिक कारणले पदमुक्त हुनसक्छन् । यसका अतिरिक्त कुनै अख्तियारप्राप्त निकाय र अदालती कारवाहीबाट पनि पदमुक्त हुनसक्छन् । साधारणसभाले पनि पदमुक्त गर्नसक्छ । यस्ता सभाबाट गरिएका पदमुक्ति विवादित भएर अदालतसम्म पुगेका छन् । भारतको टाटा सन्सका सञ्चालक/अध्यक्ष साइरस मिस्त्रीलाई साधारणसभाले पदमुक्त गरेको विवाद कर्पोरेट क्षेत्रको चर्चित उदाहरण हो । यो विवाद कम्पनी मामिलासम्बन्धी सुनुवाई गर्ने दुईओटा न्यायाधिकरण हुँदै सर्वोच्च अदालतसम्म पुगेर टुङ्गिएको थियो । यस आलेखमा सञ्चालक पदमुक्त हुनसक्ने विभिन्न अवस्थाको बारेमा विस्तृतरूपमा चर्चा गरिन्छ ।



**साधारणसभा कम्पनीको सर्वोच्च निकाय हो । देशको संसद् जत्तिकै हैसियत राख्ने सभाले कम्पनी कसरी सञ्चालन गर्ने भन्ने विषयमा मार्गनिर्देशन गर्छ । शेयरधनीले आफूमध्येबाट सञ्चालक निर्वाचन गर्छन् ।**

**- ज्योति दाहाल**

### योग्यता र अयोग्यता

सञ्चालक पदमुक्त हुने अवस्थाको चर्चा गर्नुअघि सञ्चालकको योग्यता र अयोग्यताको बारेमा बुझ्नु उचित हुन्छ । कम्पनी ऐनको दफा ८९(१) मा (१) पब्लिक कम्पनीको हकमा २१ वर्ष उमेर नपुगेको, (२) मगज बिग्रेको वा बहुलाएको, (३) दामासाहीमा परी ५ वर्षको अवधि पूरा नभएको, (४) भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य कसूरमा सजाय पाएको, तर प्राइभेट कम्पनी भए त्यस्तो सजाय भुक्तान भएको मितिले ३ वर्ष पूरा नभएको, (५) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा आ[illegible]नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसुरदार ठहरी सजाय भुक्तान भएको ३ वर्ष पूरा नभएको, (६) सम्बद्ध कम्पनीको व्यवसाय वा कुनै ठेक्कापट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको, (छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको तर, एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुनसक्छ, (७) सम्बन्धित कम्पनीलाई रकम बुझाउन बाँकी रहेको ठहर भएको अवस्थामा त्यस्तो शेयरधनी, (८) दफा १६० बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले १ वर्ष ननाघेको वा दफा १६१ बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाय पाएको मितिले ६ महीना ननाघेको, (९) कुनै खास व्यवसाय सञ्चालन गर्ने कम्पनीको हकमा प्रचलित कानूनले कुनै योग्यता तोकेको भए त्यस्तो योग्यता नपुगेको वा कुनै अयोग्यता तोकिएको रहेछ भने त्यस्तो अयोग्यता भएको, (१०) लगातार ३ आर्थिक वर्षसम्म कम्पनी ऐनअनुसार कार्यालय (कम्पनी रजिष्ट्रार) मा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदन पेश नगर्ने कुनै कम्पनीको सञ्चालक रहेको, (११) दफा ८१(२) बमोजिम जरीवाना रकम तिर्न बाँकी रहेको, (१२) अर्को कुनै सूचीकृत कम्पनीबाट बैठक भत्ता र बैठक स्थलमा आउन, जान, बस्नका लागि लाग्ने वास्तविक खर्चबाहेक अन्य पारिश्रमिक वा कुनै सुविधा प्राप्त हुने सञ्चालकको पदमा बहाल रहेको कुनै पनि व्यक्ति सञ्चालक बन्न सक्दैनन् ।

त्यस्तै, स्वतन्त्र सञ्चालकको पनि अयोग्यता तोकिएको छ । ऐनको दफा ८९(२) अनुसार (१) दफा ८९(१) मा उल्लिखित व्यक्ति, (ख) सम्बद्ध कम्पनीको शेयरधनी, (ग) सम्बद्ध कम्पनीले कारोबार गर्ने विषयसँग सम्बद्ध विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरी सम्बद्ध क्षेत्र वा कम्पनी व्यवस्थापनसम्बन्धी काममा कम्तीमा १० वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानून विषयमा कम्तीमा स्नातक गरी सम्बद्ध क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त नगरेको व्यक्ति, (घ) सम्बद्ध कम्पनीको पदाधिकारी, लेखापरीक्षक, कर्मचारी वा त्यस्तो कुनै पदबाट अवकाश प्राप्त गरेको ३ वर्ष पूरा नभएको व्यक्ति, (ङ) सम्बद्ध कम्पनीको पदाधिकारीको नजिकको नातेदार र (च) सम्बद्ध कम्पनीको लेखापरीक्षक वा निजको साझेदार स्वतन्त्र सञ्चालक बन्न सक्दैनन् । स्वतन्त्र सञ्चालकका लागि कम्पनीले नियमावलीमा थप योग्यता तोक्न सक्छ ।

### नियुक्ति र पदमुक्ति

सामान्यतया ऐनले तोकेका योग्यता पुगेका कुनै पनि व्यक्ति साधारणसभाबाट सञ्चालक निर्वाचित हुनसक्छन् । उल्लेख्य शेयर धारण गरेका संस्थागत शेयरधनीले कुनै पनि व्यक्तिलाई सञ्चालक मनोनयन गरेर पठाउँछन् । स्वतन्त्र सञ्चालकको निर्वाचन हुँदैन । ऐनले तोकेको योग्यता पुगेका कुनै पनि व्यक्तिलाई कम्पनीले नियमावलीमा व्यवस्था भएबमोजिमको संख्या साधारण सभामा पेश गर्छन् र सोही सभाबाट अनुमोदित भएर स्वतन्त्र सञ्चालक नियुक्त हुन्छन् । यसरी विभिन्न विधिबाट सञ्चालक नियुक्त भएका व्यक्ति विभिन्न विधिबाट पदमुक्त हुन्छन् । कुनै पनि विधिबाट नियुक्त सञ्चालक मृत्यु अर्थात् प्राकृतिक कारणले स्वतः पदमुक्त हुन्छन् । संस्थागत शेयरधनीका तर्फबाट मनोनयन भएर आएकाबाहेक अन्य सञ्चालक स्वैच्छिक रूपमा राजीनामा दिएर पनि पदमुक्त हुनसक्छन् । मनोनीत भएर आएका सञ्चालक मनोनयन गर्ने निकायको इच्छामा निर्भर हुन्छ । साधारणसभाबाट निर्वाचित र अनुमोदित भएर आएका सञ्चालकलाई साधारण सभाले मात्र हटाउन सक्छ । जुनसुकै तवरबाट आए पनि सबै सञ्चालकको हैसियत समान हुन्छ र यिनै सञ्चालकमध्येबाट अध्यक्ष चयन हुन्छ । यसरी चयन भएको अध्यक्षलाई सञ्चालकले हटाउन सक्छन् र अर्को कुनै सञ्चालकलाई अध्यक्ष चयन गर्नसक्छन् । तर, सञ्चालकले सञ्चालकलाई हटाउन वा पदमुक्त गर्न सक्दैनन् । साधारण सभाबाट सञ्चालक हटाउन कानूनको उचित प्रक्रिया पूरा गर्नुपर्छ ।

सञ्चालक कुन अवस्थामा पदमुक्त हुनसक्छन् भन्ने विषयमा ऐनको दफा ८९(३) अनुसार (१) साधारण सभाले सञ्चालकको पदबाट हटाउने प्रस्ताव पारित गरेमा, (२) सञ्चालकले दिएको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएमा, (३) कम्पनीको कामकारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट ठहर भएमा, (४) ऐनबमोजिम सञ्चालकले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेको वा गर्नुपर्ने भनी तोकिएको कार्य नगरेको भनी अदालतबाट ठहर भएमा, (५) प्रचलित कानूनबमोजिम बैंक वा वित्तीय संस्थाको ऋण नतिरी अधिकारप्राप्त निकायले कालो सूचीमा राखेमा पदमुक्त हुन्छन् । उल्लिखित यी विधिमध्ये ३ र ४ को विषय ऐनको दफा १६० र १६१ सँग सम्बन्धित छ । यस दफामा सञ्चालकलाई हुने सजाय सम्बन्धमा उल्लेख छ । यस्तो सजाय पाएका सञ्चालक स्वतः पदमुक्त हुन्छन् । दफा ८९(४) मा कुनै व्यक्तिलाई सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन अयोग्य ठहऱ्याउनु अघि कम्पनीले निजलाई उक्त कुराको सूचना दिई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था छ ।

### अदालती व्याख्यामा सञ्चालक

साधारणसभा कम्पनीको सर्वोच्च निकाय हो । देशको संसद् जत्तिकै हैसियत राख्ने सभाले कम्पनी कसरी सञ्चालन गर्ने भन्ने विषयमा मार्गनिर्देशन गर्छ । शेयरधनीले आफूमध्येबाट सञ्चालक निर्वाचन गर्छन् । सञ्चालकले स्वार्थरहित हिसाबले कम्पनीको हितमा कार्य गर्नुपर्छ । कम्पनी ऐनको दफा ९२ मा सञ्चालकले पद बहाल गरेको १५ दिनभित्र (१) कम्पनीको कारोबारसँग सम्बद्ध कुनै प्रकारको खरिदबिक्री वा अन्य प्रकारको ठेक्कापट्टामा आफू वा आफूनो नजिकको नातेदारको प्रत्यक्ष संलग्नता भएको वा कुनै किसिमको निजी स्वार्थ भए/नभएको, (२) कम्पनीको प्रबन्ध सञ्चालक, कम्पनी सचिव, पदाधिकारी नियुक्तिको सम्बन्धमा कुनै प्रकारको स्वार्थ भए/नभएको, (३) अन्य कुनै कम्पनीको सञ्चालक रहे/नरहेको र (४) कम्पनी वा त्यस्तो कम्पनीको मुख्य वा सहायक कम्पनीको शेयर वा डिबेञ्चर कारोबार गरेको भएमा त्यस्तो कारोबारको विषय खोली स्वघोषणा गरि कम्पनीलाई जानकारी गराउनुपर्छ ।

न्यायाधीश लर्ड क्रानवर्थ एलसीले एबर्डीन रेल्वे कम्पनीविरुद्ध ब्लाकी ब्रदर्स (१८५४) को मुद्दामा सञ्चालकको माध्यमबाट मात्र कर्पोरेट निकाय (कम्पनी) ले कार्य गर्नसक्छ । कम्पनीका कार्य उचित र जिम्मेवार ढङ्गले सञ्चालन गरी कम्पनीको हित संरक्षण र प्रवर्द्धन गर्नु सञ्चालकको कर्तव्य हो । यस्ता सञ्चालकको कम्पनीप्रति न्यासी (परम सद्विश्वास) प्रकृतिको कर्तव्य हुने व्याख्या गरेका थिए । यस मुद्दामा ब्लाइकी ब्रदर्स र एबर्डीन रेल्वे कम्पनीबीच ८ दशमलव ५ पाउन्ड प्रतिटनको दरमा फलामका कुर्सी आपूर्ति गर्ने सम्झौता भएको थियो । एबर्डीन रेल्वेले आफ्नो कम्पनीको बोर्ड अध्यक्ष सर थोमस ब्लाइकी सम्झौताको अर्को पक्ष ब्लाइकी ब्रदर्सको पनि प्रबन्ध निर्देशक भएको थाहा पाएपछि स्वार्थको द्वन्द्व हुने भन्दै सम्झौता अमान्य घोषणा गरेको थियो ।

नेपालमा नेपाल सरकारविरुद्ध रवीन्द्रलाल श्रेष्ठ (२०७३) को मुद्दामा ‘सञ्चालकहरूलाई कम्पनीको सम्पत्ति, अवसर र सूचनाहरू प्राप्त हुन्छन् । त्यसको उनीहरूले आफ्नो निम्ति प्रयोग गर्नु हुँदैन । कम्पनीप्रति उनीहरूको पूर्ण समर्पण र भक्ति रहनुपर्छ । उनीहरू कम्पनीको न्यासी, एजेन्ट, संरक्षक, प्रवर्द्धक र निर्देशक/सञ्चालक एकैसाथ हुने हुँदा उनीहरूले पूर्ण होशियारीका साथ काम गर्नुपर्छ । यो कर्तव्य सञ्चालकहरूमा सामूहिक र व्यक्तिगत दुवै रूपमा रहन्छ’ भनेर सञ्चालकको कर्तव्यका बारेमा व्याख्या गरेको छ ।

**कम्पनीमा हुने कुशासनको परिणाम शेयरधनीले भोग्नुपर्ने हुँदा सञ्चालकको निगरानी शेयरधनीले राख्नुपर्छ । आफ्नो अधिकारको उपयोग गरेर शेयरधनीले कम्पनीलाई सुधारको बाटोमा ल्याउन सक्छन् ।**

यो मुद्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत विशालबजार कम्पनी लिमिटेडसँग सम्बद्ध छ । यस मुद्दामा विशालबजारको पसल कबल शेयरधनीले सस्तो मूल्यमा आफूले भाडामा लिई तीनगुणा महँगोमा अरूलाई दिएर भ्रष्टाचार गरेको भन्ने आरोप लागेको थियो ।

### साधारणसभाबाट पदमुक्ति

माथिका विभिन्न अनुच्छेदमा सञ्चालक नियुक्ति र पदमुक्तिको विषयमा चर्चा गरियो । यस अनुच्छेदमा ऐनको दफा ८९(३) (ख) मा उल्लिखित साधारणसभाले सञ्चालकबाट हटाउने प्रस्ताव पारित गरेमा भन्ने व्यवस्थाको बारेमा चर्चा गरिन्छ । ऐनमा साधारणसभाले सञ्चालक हटाउने प्रस्ताव गरेमा पदमुक्त हुने व्यवस्था गरेको छ । यसको कार्यविधि कम्पनी निर्देशिका, २०७२ को दफा ५३ मा गरिएको छ । दफा ५३(१) मा जम्मा मत (शेयर) संख्याको कम्तीमा ५ प्रतिशत मतको प्रतिनिधित्व गर्ने कुनै शेयरधनी वा शेयरधनीको समूहले कुनै सञ्चालकलाई निजको कार्यकाल समाप्त हुनुअगावै हटाउन चाहेमा त्यस्तो प्रस्तावको आधार र कारण खुलाई उक्त प्रस्तावको सूचना साधारणसभा बस्नुभन्दा कम्तीमा ३० दिनअगावै कम्पनीमा पेश गर्नुपर्छ । तर, यस्तो प्रस्ताव सञ्चालक समिति आफैले राख्न पाउँदैन । यस्तो प्रस्ताव प्राप्त भएपछि कम्पनीले दफा ५३ (२) अनुसार त्यस्तो प्रस्तावको सूचना सम्बद्ध सञ्चालकलाई पठाउनुका साथै साधारणसभाको छलफलको विषय (एजेन्डा) मा समावेश गर्नुपर्छ ।

दफा ५३(३) मा त्यस्तो सूचनामा निजलाई सञ्चालकको पदबाट नहटाउनुपर्ने कुनै कारण भए लिखितरूपमा प्रतिवाद पेश गर्नु भनी साधारणसभा हुनुभन्दा कम्तीमा २१ दिनअगावै जानकारी दिनुपर्नेछ । दफा ५३ (४) मा सम्बद्ध सञ्चालकले लिखित रूपमा आफूले पेश गरेको प्रतिवाद शेयरधनीलाई पठाउन अनुरोध गरेमा कम्पनीले त्यसको प्रतिलिपि सबै शेयरधनीलाई पठाउनुपर्छ । तर, यस्तो प्रतिवाद साधारणसभा हुने दिनुभन्दा कम्तीमा १० दिनअगावै कम्पनीको रजिस्टर्ड कार्यालयमा बुझाइएको हुनुपर्नेछ । दफा ५३(५) मा सम्बद्ध सञ्चालकले चाहेमा आफ्नो प्रतिवादको बेहोरा साधारणसभामा पढेर सुनाउन सक्ने र आफ्नो सफाइमा थप कुरा भए त्यो समेत राख्न पाउँछ । दफा ५३(६) मा कम्पनी वा कुनै सरोकारवाला व्यक्तिले दिएको निवेदनबाट सम्बद्ध सञ्चालकले आफ्नो लिखित प्रतिवादमा उल्लेख गरेको बेहोराबाट निजले आफ्नो प्रतिवाद गर्ने अधिकारको दुरुपयोग गरेको भनी अदालतले निर्णय गरेमा निजले पेश गरेको लिखित प्रतिवाद शेयरधनीलाई पठाउनुपर्ने छैन । दफा ५३(७) यस दफामा व्यवस्था गरिएको कार्यविधि पूरा नगरी कुनै सञ्चालकलाई पदबाट हटाइएको भए त्यो अमान्य हुनेछ भनेको छ । दफा ५३ (६) मा उल्लिखित व्यवस्थाले के भन्न खोजेको बुझिँदैन । यो एउटा व्यवस्था नबुझिए पनि निर्देशिकाको अन्य व्यवस्थाको पालना नगरी कुनै पनि सञ्चालकलाई सञ्चालक समितिले हटाउन सक्दैन ।

### अदालतमा सञ्चालकको मुद्दा

सन् १९४५ मा बेलायतमा कम्पनी कानून सुधार गर्न न्यायाधीश ह्युज कोहेनको अध्यक्षतामा एउटा समिति गठन गरिएको थियो । कोहेन समितिले दिएको सिफारिशको आधारमा कम्पनी कानूनमा सञ्चालक हटाउनेसम्बन्धी व्यवस्थाको शुरुआत भएको हो । कोहेनले गरेको सिफारिश आजको दिनमा हरेक देशका कम्पनी कानूनमा समावेश हुँदै आएको छ । साधारणसभाले सञ्चालक हटाउन सक्ने प्रावधान राखिएपछि यसको कार्यान्वयन गर्दा अदालतले पुनः स्थापना गरेका र नगरेका थुप्रै अभ्यासहरू पाइन्छ । सञ्चालक हटाउने विषयमा तारलोक खन्नाविरुद्ध राजकुमार कपुर (१९८२) को विवादमा कम्पनीको नियमावलीमा आजीवन सञ्चालक रहने र आफ्नो जीवनकालपछि वा आफू जीवित रहँदा आफ्नो उत्तराधिकारी नियुक्त गर्न पाउने अधिकार पाएका सञ्चालकलाई हटाउन कुनै सूचना नदिइएको कारण दिल्ली हाईकोर्टले खन्नालाई सञ्चालकबाट हटाउने साधारणसभाको निर्णयलाई मान्यता दिएन । नियमावली वा कुनै सम्झौताद्वारा कुनै व्यक्तिलाई आजीवन सञ्चालक नियुक्त गरिएको भए पनि पदको सुरक्षा हुँदैन । यस्ता सञ्चालकलाई पनि साधारणसभाबाट हटाउन सकिन्छ । खन्ना आजीवन सञ्चालक भए पनि उनलाई हटाउन कानूनले निर्धारण गरेको सूचना दिइएको थिएन । साधारणसभाले हटाएको सञ्चालकलाई अदालतले सदर र बदर गरेका अरू थुप्रै घटना छन् ।

पछिल्लो समयमा साइरस मिस्त्रीविरुद्ध टाटा सन्सको मुद्दा निकै चर्चित छ । साइरस मिस्त्रीविरुद्ध टाटा सन्सको मुद्दामा अध्यक्ष र सञ्चालकबाट हटाइएका मिस्त्रीले टाटा सन्सविरुद्ध नेशनल कम्पनी ल ट्राइबुनलमा उजुरी दर्ता गरेका थिए । उनले आफूलाई अन्यायपूर्वक हटाएको, अल्पमत शेयरधनीमाथि उत्पीडन गरेको र कम्पनीमा खराब व्यवस्थापन भएको आरोप लगाएका थिए । ट्राइबुनलले यी आरोप खारेज गर्दै टाटा सन्सको कार्य कानूनसम्मत रहेको ठहर गऱ्यो । यसका विरुद्ध साइरस समूहले नेशनल कम्पनी ल अपीलियट ट्राइबुनलमा पुनरावेदन गरेका थिए । अपीलियट ट्राइबुनलले साइरस समूहको पक्षमा निर्णय दियो । टाटा समूह सर्वोच्च अदालत गएको थियो । सर्वोच्च अदालतले अपीलियट ट्राइबुनलको निर्णय उल्ट्याउँदै मिस्त्रीलाई हटाउने निर्णय कानूनसम्मत रहेको र अल्पमत शेयरधनीमाथि उत्पीडन नभएको ठहर गरेको थियो ।

निचोडमा, कम्पनी सञ्चालकलाई कम्पनी कानून तथा अदालती व्याख्याले जिम्मेवार र कर्तव्य पालनमा पारदर्शी र उत्तरदायी बनाउन जोड दिएको छ । खराब काम गर्ने सञ्चालकलाई पदमुक्त गर्नसक्ने अधिकार शेयरधनीलाई दिएको छ । शेयरधनीबाटै निर्वाचित र अनुमोदित भएर आएका कारण पदमुक्त पनि तिनैले गर्नुपर्ने मान्यतालाई स्थापित गरिएको छ । यति हुँदाहुँदै पनि सञ्चालक जिम्मेवार र कर्तव्यशील बन्न नसकेको उदाहरण नेपाल सरकारविरुद्ध रवीन्द्रलाल श्रेष्ठ (२०७३) को मुद्दा पर्याप्त छ । सञ्चालकको निगरानी कुनै निकाय (कम्पनी रजिस्ट्रार, व्यवसाय इजाजत दिने निकाय, नियामक) ले राख्नुपर्छ भनेर शेयरधनी पन्छिन मिल्दैन । कम्पनीमा हुने कुशासनको परिणाम शेयरधनीले भोग्नुपर्ने हुँदा सञ्चालकको निगरानी शेयरधनीले राख्नुपर्छ । शेयरधनीलाई कम्पनी कानूनले व्युत्पन्न अधिकारसमेत दिएको छ । यस्ता अधिकारको उपयोग गरेर शेयरधनीले कम्पनीलाई सुधारको बाटोमा ल्याउन सक्छन् ।

*लेखक कर्पोरेट अधिवक्ता एवं शेयरसम्बन्धी अध्येता हुन् ।*

पाठक पत्र

# बीआरआईमा सम्झौतापछि पनि विवाद

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणमा चीनको महत्त्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) को विषयमा सम्झौता भयो । सत्तारुढ दल कांग्रेस र एमालेबीच बीआरआईका विषयमा ऋण र अनुदानका विषयमा एकमत नभएपछि यो विषय पेचिलो बने पनि मध्यमार्गी बाटो निकालेर एड शब्द प्रयोग गरी सम्झौता गरियो । तर, सम्झौतापछि पनि यसमा विवाद जारी नै छ ।

अझ अचम्मको कुरा यो विवादमा अहिले माओवादी पनि थपिएको छ । पुष्पकमल दाहालले आफूले बनाएको मस्यौदामा ओलीको जस लिएको भनी बताएका छन् । सम्झौतामा अनुदानमात्रै लिने कुरा भएको भनी कांग्रेसले बताइरहेको छ । तर मस्यौदा हेर्दा भने ऋण र अनुदान सबै खाले सहयोग लिने खालको शब्द प्रयोग भएको पाइन्छ । त्यसो हुँदा बीआरआईको किचलो समाप्त भएको छैन कि भन्ने देखिन्छ । दलहरूको आआफ्नो व्याख्याले यसमा विवाद ल्याएको छ । अमेरिकाले बीआरआई सम्झौतामा आशंका गरेपछि त्यसको प्रति नै सरकारले सार्वजनिक गरेको छ । चीनसँग भएका सम्झौताको प्रति यसरी यस अघि सार्वजनिक गरिएको पाइँदैन । चीनले कोरोनाको भ्याक्सिन बेचेको बीलसमेत सार्वजनिक गर्न दिएको थिएन । त्यसैले यसमा थप विवाद हुन्छ कि भन्ने आशंका थपिएको छ ।

कांग्रेसले बीआरआई अनुदानमा गर्नुपर्ने स्पष्ट अडान लिएपछि कांग्रेस-एमालेको सहकार्यमा समेत प्रश्न उठेको थियो । यही सम्झौतामा देखिएको विवादलाई लिएर सरकार ढल्न लागेको हल्लासमेत फिजाइयो । त्यसको प्रभाव शेयर बजारमा समेत पऱ्यो । प्रधानमन्त्रीको चीन भ्रमणको प्रमुख एजेन्डा नै बीआरआई परियोजनाको सम्झौतालाई बनाएको एमालेले भने ऋण पनि लिन सकिने गरी सम्झौता भएको बताएको छ । यद्यपि प्रधानमन्त्रीले भने ऋणमा सहयोग लिने कुरा सम्झौतामा नभएको बताउनुभएको थियो । हो, सम्झौतामा ऋण शब्द परेको छैन । अनुदान शब्द पनि परेको छैन।

विसं २०७८ चैतमा चिनियाँ विदेशमन्त्री वाङ यी नेपाल भ्रमणमा आएका बेला तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र परराष्ट्रमन्त्री डा. नारायण खड्काले बीआरआई परियोजनाको मोडालिटीलगायत विषयमा गहन छलफल गर्नुपर्ने भन्दै तत्काल कार्यान्वयन गर्न नसकिने जवाफ दिएका थिए । त्यसबेलादेखि कांग्रेस बीआरआईसँग तर्सिएको देखिन्छ । त्यसैले कांग्रेसले परियोजनाको मोडालिटी भन्दा पनि ऋणमा होइन अनुदानमा स्वीकार गर्ने अडान छाडेको देखिन्न ।

कांग्रेस महामन्त्री गगन थापाले चीनसँग सम्झौता गरिएको बीआरआई कार्यान्वयन सम्झौता गर्नुअघि विगतमा भएका सहमतिअनुसारका कार्यक्रम र योजनाहरू सम्पन्न हुनुपर्ने आफूहरूको अडान रहेको बताएका थिए । विगतमा चीनसँग सम्झौता भएका परियोजनाहरू नै अहिले बीआरआईभित्र राखिएका छन् र केही सानातिना परियोजनामात्रै थपिएका छन् । यस्तोमा यसको कार्यान्वयन पक्ष अझै जटिल हुन सक्ने देखिएको छ ।

*शम्भु कोइराला*
*नयाँबजार, काठमाडौं ।*



तस्वीर :रासस

**नुवाकोटको पञ्चकन्या गाउँपालिका-१, बानियाँटारस्थित इन्द्रायणी माध्यमिक विद्यालय (प्राविधिक धार–बाली विज्ञान) मा जडान गरिएको सोलार प्यानल । उक्त सोलारबाट उत्पादित ऊर्जा विद्यालयमा विद्युतीय सामग्री सञ्चालन र दिवा खाजा बनाउन उपयोग हुँदै आएको छ ।**

# क्विन्टलको ८ हजार पर्ने तिल्की धानको सामूहिक खेतीमा मुक्त कमलरी

देउखुरी (दाङ) । दाङका मुक्त कमलरीहरूले कृषि सहकारीका माध्यमबाट आम्दानी गरिरहेका छन् । तुलसीपुर उपमहानगरपालिका-१८, बिजौरीमा रहेको गन्यारी कृषि सहकारी संस्था लिमिटेडमा आबद्ध मुक्तकमलरीले समूहिक खेती गरेर आम्दानी गर्न थालेका हुन् ।

तुलसीपुर-१६ की सीता चौधरी सो सहकारीको कोषाध्यक्ष छिन् । उनी पूर्वकमलरी हुन् । उनले कमलरीबाट मुक्ति पाएपछि सहकारीमा आबद्ध भएर काम गर्दै आएकी छिन् । सहकारीले प्रतिकट्ठा र ३ हजार रुपैयाँ वार्षिक भाडा दिने सर्तमा ३५ कट्ठा जमिन लिएको छ । सोही जमिनमा गत वर्षदेखि सहकारीले तिल्की धानखेती गर्न थालेको उनले बताइन् ।

'सामूहिक रूपमा धानखेती गर्दा समयमा रोपाइँ हुन्छ, काट्न, दाउन पनि सबै सदस्य मिलेर गर्छौं,' उनले भनिन् । गतवर्ष फलेको ५५ क्विन्टल धानमध्ये ५० क्विन्टल विक्री गरेर गतवर्ष ४ लाख रुपैयाँ आम्दानी भएको उनले बताइन् । 'अब गतवर्षको ५ क्विन्टल धान मात्रै बाँकी रहेको छ, त्यो पनि माग आएको छ कुटाएर बिक्री गर्ने तयारीमा छौं,' उनले भनिन्, 'गतवर्ष धेरै जसो धान विक्री भयो बाँकी चामल बनाएर विक्री गरेका थियौं ।'

सोही सहकारीका अध्यक्ष लक्ष्मी चौधरीले पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रले ४० किलो धानको बीउ निःशुल्क दिएको बताइन् । 'सोही धानको बीउ ३५ कट्ठा खेतमा रोपेको ६० क्विन्टल फल्यो,' उनले भनिन्, 'अन्य सामान्य धानभन्दा यो धान महँगोमा विक्री हुने गरेको छ, अरू धान ३ हजार ४०० रुपैयाँमा विक्री हुन्छ ।' तिल्की धान ८ हजार रुपैयाँ प्रतिक्विन्टलको दरमा विक्री भइरहेको उनले बताइन् ।

१२ क्विन्टल धान विक्री गरेर ९६ हजार रुपैयाँ आम्दानी भइसकेको उनले जानकारी दिइन् । चामल १५ हजार रुपैयाँ प्रतिक्विन्टलमा विक्री भएको उनको भनाइ छ । उनी भन्छिन्, 'संस्थामा रहेका पदाधिकारीले गतवर्ष परम्परागत तिल्की धानखेती गरेका थियौं, राम्रो आम्दानी भएपछि यस वर्ष पनि निरन्तरता दिएका हौं ।'

**गतवर्षभन्दा यस वर्ष उत्पादन बढेकाले आम्दानी पनि बढ्ने उनको भनाइ छ । ४७० जना सदस्य रहेको सो सहकारीका सबै सदस्यले सामूहिक खेती गर्ने र विक्री गरेको पैसा सहकारीमा जम्मा गर्ने गरेको अध्यक्ष चौधरीले बताइन् ।**

गतवर्षभन्दा यस वर्ष उत्पादन बढेकाले आम्दानी पनि बढ्ने उनको भनाइ छ । ४७० जना सदस्य रहेको सो सहकारीका सबै सदस्यले सामूहिक खेती गर्ने र विक्री गरेको पैसा सहकारीमा जम्मा गर्ने गरेको अध्यक्ष चौधरीले बताइन् । जैविक मल प्रयोग गरेर खेती गरेको उनको भनाइ छ । चामल ढुवानीमा समस्या रहेको उनले जानकारी दिइन् । चामल 'ब्रान्डिङ' गरेर लोगो राख्न पाए विक्री गर्न सजिलो हुने उनको भनाइ छ । वडा र तुलसीपुर उपमहानगरपालिकासँग प्रशोधन तथा बजारीकरणको माग गरेको उनले बताइन् ।

२०७० असार १३ गते नेपाल सरकारले कमलरीलाई मुक्त घोषणा गरेको थियो । मुक्त भएपछि कमलरी संगठित हुनुपर्छ भन्ने उद्देश्य लिएर मुक्त कमलरी विकास मञ्च नामको साझा संस्था स्थापना गरिएको थियो । मुक्त कमलरीले आर्थिक सामाजिक रूपमा सशक्त हुनुपर्छ भन्ने मान्यताका साथ ४२ सहकारी र १ समूहमार्फत आयआर्जनका विभिन्न काम गरिरहेका छन् । सहकारीमा १४ हजार ७२१ सदस्य छन् ।

सहकारीबाट घुम्ती कोष अनुदान सहयोग लिएर तरकारीखेती, कुखुरापालन, बंगुरपालन, किराना पसल र नास्ता पसल सञ्चालन गरेर आयआर्जन गर्दै आएको मुक्त कमलरी विकास मञ्चका केन्द्रीय अध्यक्ष हिरामोती चौधरीले जानकारी दिइन् । उनले पूर्वमुक्तकमलरीलाई आयआर्जन गरेर आत्मनिर्भर बनाउन कृषि र पशुपालनमा जोडेको बताइन् । तुलसीपुर-१८ मा रहेको गन्यारी कृषि सहकारी संस्थाले दाङमा नमूना काम गरेको उनको भनाइ छ । *रासस*

# गहुँखेतीका लागि डीएपी मल अभाव

जनकपुरधाम । धनुषा र महोत्तरी जिल्लामा गहुँखेतीका लागि डीएपी मल अभाव भएको छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड जनकपुरधामको कार्यालयमा मौज्दात डीएपी मल खपत भइसकेको छ ।

दुवै कार्यालयबाट पहिलो चरणमा प्राप्त डीएपी मल विक्री भइसकेको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरका निमित्त प्रमुख बेचनकुमार साहले जानकारी दिए । पहिलो चरणमा धनुषामा ७५४ मेट्रिक टन तथा महोत्तरीमा ७१६ मेट्रिक टन डिएपी मल विक्री भइसकेको छ । कृषि ज्ञान केन्द्र र स्थानीय तहको सिफारिशमा उक्त मल सहकारी संस्थामार्फत किसानलाई विक्री गरिसकेको निमित्त प्रमुख साहले बताए ।

हाल यी दुई जिल्लामा गहुँखेतीका लागि थप पाँच हजार मेट्रिक टन डीएपी मल आवश्यक रहेको जनाइएको छ । थप डीएपी मल माग गरिए पनि प्राप्त नभएको प्रमुख साहले बताए । अन्तरराष्ट्रिय स्तरमा डलरको मूल्य बढेकाले ठेकेदार कम्पनीले ढुवानी गर्न नसक्दा मल अभाव भएको उनको भनाइ छ ।

**पहिलो चरणमा धनुषामा ७५४ मेट्रिक टन तथा महोत्तरीमा ७१६ मेट्रिक टन डिएपी मल विक्री भइसकेको छ ।**

साल्ट ट्रेडिङ कर्पोरेशन जनकपुरमा पनि डीएपी मल मौज्दात नरहेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिए । उनले भने, 'हामीसँग युरिया मल मौज्दात छ, तर डीएपी छैन ।' ती दुवै जिल्लाका किसानलाई कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङ कर्पोरेशनले ३० प्रतिशत मल विक्री वितरण गर्दै आएको छ ।

धनुषामा ३३ हजार ५०० हेक्टर जमिनमा गहुँखेती हुँदै आएको छ । उक्त क्षेत्रफलमा भएको खेतीबाट १ लाख ५०० मेट्रिक टन गहुँ उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र धनुषाका सूचना अधिकारी प्रदीप यादवले बताए । *रासस*

# भारतमा सन् २०२६ देखि स्थानीय सौर्यऊर्जा सामग्री अनिवार्य

काठमाडौं । चिनियाँ आयात घटाउने उद्देश्यले सरकारी आदेशअनुसार भारतीय स्वच्छ ऊर्जा कम्पनीहरूले सन् २०२६ जुनदेखि स्थानीय रूपमा निर्मित सौर्य मोडचुलहरू मात्र प्रयोग गर्न सक्नेछन् । रिलायन्स इन्टरप्राइजेज र टाटा पावरको उद्यमसहित भारतका स्वच्छ ऊर्जा क्षेत्रका नेताहरू आफ्ना प्रमुख आपूर्तिकर्ताका रूपमा चिनियाँ विक्रेताहरूमा निर्भर छन् ।

उद्योगको अनुमानअनुसार भारतको सौर्यऊर्जा उत्पादन क्षमताको ७० प्रतिशत चिनियाँ उपकरणबाट सञ्चालित छ ।

भारतीय कम्पनीहरूले पहिले नै सरकारी परियोजनाहरूमा स्थानीय रूपमा निर्मित सौर्य प्यानलहरू प्रयोग गर्न कानूनी रूपमा अनिवार्य गरिएको छ ।

नयाँ नियमले प्रकाश ऊर्जालाई विद्युत्मा परिवर्तन गर्ने स्थानीय रूपमा निर्मित फोटोभोल्टिक सेलबाट बनेका मोडचुलहरू मात्र प्रयोग गर्न सक्नेछन् । सोमवारको आदेशपछि ठेक्काको समयसीमा भएका परियोजनाहरूमा प्रयोग गर्न सकिन्छ ।

'यो शर्त कार्यान्वयनको मिति जस्तोसुकै भए पनि पालन गर्नुपर्नेछ,' भारतको नवीकरणीय ऊर्जा मन्त्रालयले जारी गरेको आदेशमा भनिएको छ ।

देशमा सौर्य सेलहरूको स्थापित क्षमता मागभन्दा कम भएकाले सरकारले अझै सौर्य सेलका स्वीकृत निर्माताहरूको सूची जारी गरेको छैन । तर, आदेशमा 'देशमा सौर्य सेलहरूको स्थापित क्षमता अर्को वर्षमा उल्लेखनीय रूपमा बढ्ने अपेक्षा गरिएको छ, स्वीकृत निर्माताहरूको सूची अब जारी गरिनेछ' भनिएको छ ।

हालैका वर्षहरूमा भारतको सौर्य उपकरण निर्माण क्षेत्रले तीव्र गतिमा प्रगति गरेको छ ।

बैंगलुरुस्थित परामर्श फर्म मर्कम इन्डियाको एक प्रतिवेदनले सन् २०२५ को अन्त्यसम्ममा देशको सौर्य प्यानलको उत्पादन ९५ गिगावाट पुग्ने अनुमान गरेको छ । भारतले २०२४ को पहिलो ६ महीनामा १३ दशमलव ३ गिगावाट सौर्य उपकरण निर्माण क्षमता थपेको छ । *एएफपी/रासस*

बाँकी पृष्ठ १ बाट ...

**परियोजना कार्यान्वयनका ...**

सीमा नाकामा थोरै थोरै मात्र सामानको भन्सार पास भइरहेकोमा त्यसमा सुधार गर्ने कुरा पनि सम्झौतामा समेटिएको छ । लगानी प्रवर्द्धन सम्बन्धमा थप मञ्चहरू बनाइने यसमा उल्लेख छ । फलफूल, हाइलेज घाँस र अन्य कृषि वस्तुको भन्सार पास सहज बनाउन आपसी सहयोग बढाउन दुवै देश सहमत भएका छन् । सीमामा स्वास्थ्य क्वारेन्टाइन, पशु तथा प्लान्ट क्वारेन्टाइन, इकमर्स र गैरकानूनी व्यापार नियन्त्रणका लागि आपसी सहयोग बढाउन दुवै पक्ष सहमत भएका छन् । बीआरआई फ्रेमवर्कमा सहकार्यका चार उद्देश्य समेटिएका छन् । तिनमा प्राथमिकताप्राप्त योजनाहरूको विकासद्वारा व्यापार, पूर्वधार र कनेक्टिभिटीको क्षेत्रमा सहकार्य गर्नेलगायत छन् । जहाँसम्म विकास परियोजनाको सन्दर्भ हो, त्यो सन् २०१७ मा भएको बीआरआई समझदारीको दोस्रो बुँदामा उल्लिखित 'सहकार्यका क्षेत्रहरू' अन्तर्गत रहने उल्लेख छ ।

फ्रेमवर्कअन्तर्गत १० ओटा परियोजना समावेश गरिएका छन् । यसमा टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमीकोट सडक परियोजना, किमाथांका-खाँदबारी सडक र किमाथांका पुल तथा आईएसपी परियोजना, चीन-नेपाल क्रश बोर्डर रेलवे परियोजना (नेपालतर्फ) र अमरगढी सिटी हल परियोजना रहेका छन् ।

जिलोङ-रसुवागढी चिलिमे २२० केभी क्रश बोर्डर पावर ट्रान्समिसन लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर र साइन्स म्युजियम, चीन-नेपाल मैत्री औद्योगिक पार्क र झापा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्स रहेका छन् । सम्झौतामा भनिएको छ, 'चिनियाँ पक्षले बेल्ट एन्ड रोड संयुक्त रूपमा निर्माण गर्ने ढाँचाअन्तर्गत नेपालको विकास प्रयासलाई प्राविधिक र आर्थिक सहयोग प्रदान गर्नेछ । दुवै पक्षले प्राविधिक सहयोग सुनिश्चित गर्न र सार्वभौम प्रारम्भ गरिएका परियोजनाहरूका लागि दुवै पक्षको आवश्यकताअनुरूप गर्ने सहायता मोडालिटीहरू सुनिश्चित गर्न काम गर्नेछन् ।'

दुवै पक्षले प्राविधिक, वित्तीय, व्यावसायिक र आर्थिक सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गर्नेछन् र प्राथमिकतामा परेका आयोजनाका लागि 'भ्लालु फर मनी' सुनिश्चित गर्ने बताइएको छ । दुवै पक्षले अन्तरराष्ट्रिय बहुपक्षीय वित्तीय विकास संस्था वा संयन्त्रलाई कनेक्टिभिटी र विकास प्रवर्द्धन गर्न थप आर्थिक सहयोग उपलब्ध गराउन आह्वान गरिरहने पनि बताइएको छ । बीआरआई कार्यान्वयनसम्बन्धी सम्झौता एमसीसीजस्तै सदनमा अनुमोदन गर्नुपर्ने व्यवस्था सम्झौतामा राखिएको छैन भने समयसीमासमेत त्यस्तो कुनै तोकिएको छैन ।

**विद्युतीय भुक्तानी ...**

विद्युतीय भुक्तानीमा प्रयोग हुने क्युआर कोडलगायत भने निःशुल्क छ । तर, व्यापारीले क्यूआर कोड नराखी व्यक्तिगत खातामा भुक्तानी लिँदा सर्वसाधारणले महँगो सेवाशुल्क तिर्न परिरहेको छ । राजस्व कार्यालयले सूचना जारी गरी व्यापारिकस्थलमा व्यक्तिगत क्यूआर कोडमार्फत भुक्तानी नलिन भने पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

सरकारले विद्युतीय भुक्तानीलाई प्रोत्साहन गर्नुपर्नेमा सेवाशुल्क महँगो बनाएको भन्दै सर्वसाधारणले सरकारको आलोचना गरिरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमार्फत यसबारे आफ्नो ध्यानाकर्षण भएको भन्दै घटाउन निर्देशन दिएको बताउनुभएको थियो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्य विद्युतीय भुक्तानीको सेवाशुल्कमा भ्याट हटाउनेबारे छलफल मात्र भएको बताउँछन् । अन्तरबैंक रकम ट्रान्सफरको सेवाशुल्कबाट हालसम्म १८ करोड रुपैयाँ भ्याट संकलन भएको उनले जानकारी दिए ।

अधिवक्ता अनुपम भट्टराईले विद्युतीय भुक्तानीको सेवाशुल्कमा लाग्दै आएको भ्याट खारेज हुनुपर्ने माग गर्दै गत कात्तिकमा रिट दायर गरेका थिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र नेपाल क्लियरिङ हाउसलाई विपक्षी बनाइएको रिटमा अदालतले कात्तिक १२ गते विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको थियो । चालू आवको बजेटमा डिजिटल भुक्तानी सेवाप्रदायकलाई भ्याट छूटको सूचीबाट हटाएपछि सरकारले डिजिटल भुक्तानीको सेवाशुल्कमा भ्याट लिन थालेको हो । विद्युतीय भुक्तानी गर्दा लाग्ने सेवाशुल्कमा भ्याट जोडिएपछि सर्वसाधारणले तिर्नुपर्ने शुल्क बढेको छ ।

# जापान सन् २०४० सम्ममा नवीकरणीय ऊर्जाको सबैभन्दा ठूलो स्रोत बन्ने

टोक्यो । जापान सरकारले सन् २०४० सम्ममा सौर्य र वायु जस्ता नवीकरणीय ऊर्जा स्रोतहरूलाई देशको सबैभन्दा ठूलो ऊर्जा स्रोत बनाउने लक्ष्य लिएको छ । योजनाले सन् २०४० सम्ममा कुल विद्युत् उत्पादनको ४० प्रतिशतदेखि ५० प्रतिशतसम्म नवीकरणीय ऊर्जाको योगदान दिने प्रस्ताव गरेको थियो, जसले थर्मल पावरलाई उछिनेर ३० प्रतिशतदेखि ४० प्रतिशतसम्म योगदान पुऱ्याउँछ । हाल, जापानको ऊर्जा नीतिले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जाको ३६ प्रतिशतदेखि ३८ प्रतिशत हिस्सा लिने लक्ष्य राखेको छ ।

नवीकरणीय ऊर्जाले मौसम निर्भरता र उच्च लागत जस्ता चुनौतीहरूको सामना गरिरहेको बेला जापान सरकारले यसको विस्तारलाई अगाडि बढाउन प्राविधिक आविष्कारको परिकल्पना गर्छ ।

यसैबीच, आणविक ऊर्जाले विद्यमान लक्ष्य ढाँचामा आफ्नो २० प्रतिशत हिस्सा कायम राख्नेछ । यसले नवीकरणीय ऊर्जासँगै 'डिकार्बोनाइजेसन' प्रयासहरूमा प्रमुख घटकको रूपमा सेवा गर्नेछ । डिकार्बोनाइजेसन भनेको वायुमण्डलमा कार्बन डाइअक्साइड हटाउन वा घटाउन प्रयोग गरिने शब्द हो । कम कार्बन ऊर्जा स्रोतहरूको प्रयोगमा स्विच गरेर डिकार्बोनाइजेसन हासिल गरिन्छ । *सिन्ह्वा/रासस*

**उद्यम बहुउद्देश्यीय सहकारी संस्था लि.**
**(साविक नेपाल उद्यमी बचत तथा ऋण र धर्मेश्वर बहुउद्देश्यीय सहकारी संस्था लि.)**
**थापागाउँ, नयाँबानेश्वरबाट**

**कर्जा लिई नतिर्ने ऋणीहरुलाई अत्यन्त जरुरी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/२५**
**दोश्रो पटक सूचना प्रकाशित मितिः २०८१/०८/२६**

यस संस्थाबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत ऋण लिई ऋण वापत बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना समेतको रकम भाखा भित्र नबुझाई नतिरी कर्जा सम्बधी शर्त बन्देज उलंघन गरेको र बारम्बार लिखित तथा मौखिक ताकेताका साथै व्यक्तिगत सम्पर्क राखि ऋण तिर्न जानकारी गराउँदा समेत ऋण तिर्ने तर्फ कुनै चासो नदेखाएकोले यो सूचना प्रकाशित गरिएको छ । यो प्रथम पटक प्रकाशित भएको मितिले **(१५) पन्ध्र** दिन भित्र संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर बुझाई कर्जा चुक्ता गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन २०७४ सहकारी नियमावली, २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानी दिने व्यक्तिको चलअचल सम्पत्तिबाट कानून बमोजिम कर्जा असुल उपर गरिने व्यहोरा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं | ऋणीको बिबरण | जमानी दिनेको विवरण |
|---|---|---|
| १ | **नाम : दिनेश ढुँगाना**<br>बाबुको नाम : राम चन्द्र ढुँगाना<br>बाजेको नाम : टिका दत्त ढुँगाना<br>ठेगाना : मकवानपुर जिल्ला हेटौडा ९ ।<br>**कर्जा : विविध** | **नाम : दिपेन्द्र खड्का**<br>बाबुको नाम : ध्रुव बहादुर खड्का<br>बाजेको नाम : भक्त बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. ४ बालुवाटार । |
| २ | **बामः चिरञ्जिवी श्रेष्ठ**<br>बाबुको नाम : मुलुक बहादुर श्रेष्ठ<br>बाजेको नाम : मान बहादुर श्रेष्ठ<br>ठेगाना : दोलखा जिल्ला न.पा. २<br>हालः का.म.न.पा. वडा नं. २७ त्यौड ।<br>**कर्जा : विविध** | **नाम : दिपेन्द्र खड्का**<br>बाबुको नाम : ध्रुव बहादुर खड्का<br>बाजेको नाम : भक्त बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. ४ बालुवाटार । |
| ३ | **नामः सर्किम बहादुर कार्की**<br>बाबुको नाम : टहल बहादुर कार्की<br>बाजेको नाम : हर्क बहादुर कार्की<br>ठेगाना : दोलखा जिल्ला झ्याकु गा.वि.स. ३<br>हाल : का.म.न.पा. ३१ बागबजार ।<br>**कर्जा : विविध** | **नाम : दिपेन्द्र खड्का**<br>बाबुको नाम : ध्रुव बहादुर खड्का<br>बाजेको नाम : भक्त बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. ४ बालुवाटार । |
| ४ | **नाम : दिपेन्द्र खड्का**<br>बाबुको नाम : ध्रुव बहादुर खड्का<br>बाजेको नाम : भक्त बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. ४ बालुवाटार ।<br>**कर्जा : विविध** | |


**एन.एच.पी.सी. लिमिटेडद्वारा प्रस्तावित पश्चिम सेती जलाशययुक्त जलविद्युत परियोजना (८०० मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी को लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०८१/०८/२६)**

सुदूरपश्चिम प्रदेशको बझाङ्ग जिल्लाको थलारा गाउँपालिका, केदारस्यूं गाउँपालिका, वित्थडचिर गाउँपालिका, बैतडी जिल्लाको सिगास गाउँपालिका, डोटी जिल्लाको सायल गाउँपालिका, आदर्श गाउँपालिका, शिखर गाउँपालिका र डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिकामा एन.एच.पी.सी. लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एन.एच.पी.सी. लिमिटेड, एन.एच.पी.सी. अफिस कम्प्लेक्स<br>सेक्टर-३३, फरीदाबाद, हरियाणा-१२१००३, भारत<br>नेपाल शाखा कार्यालयः एन.एच.पी.सी. लिमिटेड, होटल सोल्टी, ताहाचल, काठमाडौं<br>इमेलः setiprojects@nhpc.nic.in, फोन नंः +९७७-९४-५९०४३० |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित ८०० मेगावाट जडित क्षमताको जलविद्युत परियोजनाको निर्माण गर्ने बाँधको उचाई १९५ मिटर रहेको र यस परियोजनाको प्रत्यक्ष प्रभावित क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशको बझाङ्ग जिल्लाको थलारा गाउँपालिका वडा १, केदारस्यूं गाउँपालिका वडा १, वित्थडचिर गाउँपालिका वडा ९, बैतडी जिल्लाको सिगास गाउँपालिका वडाहरु ५, ६ र ७, डोटी जिल्लाको सायल गाउँपालिका वडा १, आदर्श गाउँपालिका वडाहरु ३, ५ र ६, शिखर गाउँपालिका वडाहरु ८,१० र ११ र डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिका वडाहरु ४, र ५ पर्दछन् । यस प्रस्तावित परियोजनाको पूर्ण आपूर्ति स्तर (FSL) करीब ८६५ मि. रहेको छ । यस परियोजनाको बाँध डोटी जिल्लाको आदर्श गाउँपालिकाको वडा ५ र डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिका वडा ५ मा रहेको छ भने बाँधको प्रकार concrete faced rockfill dam (CFRD) रहेको छ । यस परियोजनाको विद्युतगृह शिखर गाउँपालिकाको वडा ११ मा अवस्थित छ र चार वटा Francise Turbine प्रयोग गरिनेछ । यस परियोजनाको लागि जलाधार क्षेत्र ४०३६ वर्ग कि. मि. रहेको र Design Discharge ३६५ क्यूमेक रहेको छ । यस परियोजनामा ८.७८ कि.मि. लामो Headrace सुरुङ निर्माण गरिनेछ । यस परियोजनाबाट उत्पादित विद्युतलाई करीब ६.३ कि.मि. लामो ४०० के.भि. प्रसारण लाइनबाट West Seti Pooling Station मा जोडिनेछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा./वडा नं.** | **बझाङ्ग जिल्ला**<br>थलारा गाउँपालिका वडा नं.ः १<br>केदारस्यूं गाउँपालिका वडा नं.ः १<br>वित्थडचिर गाउँपालिका वडा नं.ः ९<br>**बैतडी जिल्ला**<br>सिगास गाउँपालिका वडा नं.ः ५, ६ र ७<br>**डोटी जिल्ला**<br>सायल गाउँपालिका वडा नं.ः १,<br>आदर्श गाउँपालिका वडा नं.ः ३, ५ र ६<br>शिखर गाउँपालिका वडा नं.ः ८,१० र ११<br>**डडेल्धुरा जिल्ला**<br>नवदुर्गा गाउँपालिका वडा नं.ः ४ र ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावक को नाम र ठेगाना** | एन.एच.पी.सी. लिमिटेड, एन.एच.पी.सी. अफिस कम्प्लेक्स<br>सेक्टर-३३, फरीदाबाद, हरियाणा -१२१००३, भारत<br>नेपाल शाखा कार्यालयः एन.एच.पी.सी. लिमिटेड, होटल सोल्टी, ताहाचल, काठमाडौं<br>इमेलः setiprojects@nhpc.nic.in, फोन नंः +९७७-९४-५९०४३० |
| **परामर्शदाताको नाम र ठेगाना** | जेड कन्सल्ट प्रा.लि.<br>काबिल मार्ग, थापाथली, काठमाडौं<br>फोन नंः .+९७७-१-५३४७२३७, ईमेल : info@jadeconsult.com.np |

# वाणिज्य बैंकहरूको नाफा बढ्यो

काठमाडौं (अस) । चालू आर्थिक वर्ष (आव) २०८१/८२ को चार महीनामा वाणिज्य बैंकहरूले कुल रू. २२ अर्ब बढी खुद नाफा आर्जन गरेका छन् । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २० वाणिज्य बैंकहरूले कात्तिक मसान्तसम्ममा रू. २२ अर्ब २९ करोड ८६ लाख नाफा आर्जन गरेका हुन् । यो नाफा गत आवको कात्तिक मसान्तको तुलनामा ७ दशमलव ५६ प्रतिशत वृद्धि भएको हो । सो अवधिमा बैंकहरूको कुल नाफा रू. २० अर्ब ७३ करोड २२ लाख थियो ।

सबैभन्दा बढी नाफा कमाउनेमा नबिल बैंक रहेको छ। बैंकले कात्तिक मसान्तसम्ममा रू. २ अर्ब ६९ करोड नाफा कमाएको हो । यो नाफा गत वर्षको तुलनामा २४ दशमलव ०३ प्रतिशत वृद्धि भएको हो । सो अवधिमा बैंकले रू. २ अर्ब १६ करोड नाफा कमाएको थियो ।

त्यस्तै, दोस्रोमा ग्लोबल आइएमई बैंकले कात्तिक मसान्तसम्ममा रू. २ अर्ब ११ करोड नाफा कमाएको छ । यो नाफा गत कात्तिक मसान्तको तुलनामा ८ दशमलव ५८ प्रतिशतको वृद्धि हो । सो अवधिमा बैंकले रू. १ अर्ब ९४ करोड नाफा कमाएको थियो ।

गत कात्तिक मसान्तको तुलनामा चालू आवको सोही अवधिमा १३ बैंकको नाफा बढेको हो । त्यस्तै, कृषि विकास बैंकको घाटा भने गत वर्षको तुलनामा यस वर्ष केही घटेको छ । गत वर्षको कात्तिक मसान्तसम्ममा रू. २७ करोड ८८ लाख घाटामा रहेकोमा चालू आवको कात्तिक मसान्तमा रू. २२ करोड ७७ लाखमा झरेको छ ।

प्रतिशतका आधारमा गत वर्षको तुलनामा चालू आवमा लक्ष्मी सन्राइज बैंकको नाफा १०७ प्रतिशतले वृद्धि भएको छ । यस बैंकले गत कात्तिक मसान्तसम्ममा रू. ५१ करोड ५९ लाख नाफा कमाएकोमा चालू आवको सोही अवधिमा बढेर रू. १ अर्ब ६ करोडभन्दा बढी नाफा कमाएको छ ।

| बैंकको नाम | कात्तिक मसान्तसम्मको खुद नाफा (रू. दश लाखमा) | | घटबढ प्रतिशत |
|---|---|---|---|
| | आव २०८१/८२ | आव २०८०/८१ | |
| नबिल | २,६९१.०४ | २,१६९.६६ | २४.०३ |
| ग्लोबल आइएमई | २,११४.०४ | १,९४६.९६ | ८.५८ |
| नेपाल इन्भेष्टमेण्ट मेगा | १,८२०.९० | १,८६६.८८ | (२.४६) |
| प्राइम | १,६२६.४४ | १,५३४.४६ | ५.९९ |
| कुमारी | १,५९०.४९ | ८८८.०९ | ७९.०९ |
| एभरेष्ट | १,५०९.३० | १,०८०.२१ | ३९.७२ |
| एनएमबि | १,४८३.२३ | १,२३८.५६ | १९.७५ |
| प्रभु | १,२३१.०६ | १,०५७.९० | १६.३७ |
| स्ट्याण्डर्ड चार्टर्ड | १,१३७.३१ | ९८१.९८ | १५.८२ |
| लक्ष्मी सन्राइज | १,०६९.४६ | ५१५.९९ | १०७.२६ |
| नेपाल एसबिआई | १,००७.१० | ६०५.६० | ६६.३० |
| नेपाल | ९३८.८२ | ६६८.१६ | ४०.५१ |
| हिमालयन | ९१८.८७ | १,५०६.६२ | (३९.०१) |
| माछापुच्छ्रे | ६८९.७३ | ६७१.५२ | २.७१ |
| सिद्धार्थ | ६६७.८० | ३३३.८६ | १००.०२ |
| सानिमा | ६५१.३० | ७७७.८३ | (१६.२७) |
| राष्ट्रिय वाणिज्य | ५५२.७५ | १,२०६.७४ | (५४.१९) |
| सिटिजन्स | ४३८.६४ | ५८२.४२ | (२४.६९) |
| एनआईसी एशिया | ३८८.१४ | १,३७७.६६ | (७१.८३) |
| कृषि विकास | (२२७.७६) | (२७८.८४) | – |
| कुल | २२,२९८.६५ | २०,७३२.२६ | ७.५६ |

स्रोत : नेपाल राष्ट्र बैंक

**'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ मङ्सिर २५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १५४८ | १९२६ | १७८.८ |
| २ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | १०१९ | १२६४ | २०८.८ |
| ३ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९५५ | १२१४ | ८०० |
| ४ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ८१९.८ | १०६० | ३०९.२ |
| ५ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ७७२ | १०५२ | ६३०.१ |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४५३ | ५८०.८ | २५३ |


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **MAW Vridhi Autocorp Pvt. Ltd.** कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (**MRP**) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

| SN | Vehicle Details | Type | Brand | Model | Capacity | Country Of Origin | Units | Per unit cost | MRP (NPR) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sedan | Car | Changan | Alsvin | 1370 CC | China | Pcs | 42,00,000 | 42,00,000 |
| 2 | Pick up | Double Cab | Changan | Hunter F70 4*2 ( Double Cab) | 1910 CC | China | Pcs | 66,00,000 | 66,00,000 |
| 3 | Pick up | Double Cab | Changan | Hunter F70 4*4 ( Double Cab) | 1910 CC | China | Pcs | 79,50,000 | 79,50,000 |
| 4 | Pick up | Double Cab | Changan | Hunter F70 4*4 ( Double Cab) with accessories | 1910 CC | China | Pcs | 87,00,000 | 87,00,000 |

*All the prices are in accordance with the major retailer for the Changan Auto brands in nepal.*

*विक्रेता फर्मको नाम : MAW Vridhi Autocorp Pvt. Ltd.*
*ठेगाना : Kathmandu, Nepal*
*Pan no: 610014662*
*Phone no: 015-373233*



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **द सगतानी एक्जिम प्रा. ली.** ले **भारत** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विकी मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

| SN. | Details | Type | Brand | Model | Capacity | Origin | Unit | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | Domestic Appliances | IFB | SENATOR MSN 8014-SN | 8 KG | India | NOS | **93900** |
| 2 | WASHING MACHINE | Domestic Appliances | IFB | EXECUTIVE MXC 9014 SSL -SN | 9 KG | India | NOS | **109900** |
| 3 | WASHING MACHINE | Domestic Appliances | IFB | EXECUTIVE MXC 1014 SSL -SN | 10 KG | India | NOS | **114900** |

*विक्रेता फर्मको नाम : द सगतानी एक्जिम प्रा.ली.*
*ठेगाना : वाफल-१३, काठमाण्डौ*
*फोन नं. : ९८५१२४५५३५, ०१४२७२५२१*



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पतिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०८/२६

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिनु बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०९/११

**बोलपत्र खोलिने मिति**
२०८१/०९/१२ दिउँसो १ बजे

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|
